व्यवस्थापिका-संसद

वातावरण संरक्षण समिति

# वार्षिक प्रतिवेदन

२०७२-०७३

# मन्तव्य



व्यवस्थापिका-संसदको कार्यसञ्चालन नियमावली, २०७३ को नियम १२८ बमोजिम यस समितिले गत आर्थिक वर्षमा सम्पादन गरेका कार्यहरूको वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने प्रावधान बमोजिम यो गरिमामय व्यवस्थापिका-संसद समक्ष वातावरण संरक्षण समितिको आर्थिक वर्ष २०७२/०७३ को वार्षिक प्रतिवेदन पेश गर्न गइरहेको व्यहोरा निवेदन गर्दछु ।

व्यवस्थापिका-संसदको नियमावली, २०७३ वमोजिम खानेपानी तथा सरसफाई मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, विज्ञान तथाप्रविधिमन्त्रालय र सहरी विकास मन्त्रालय गरी नेपाल सरकारका ५ वटा मन्त्रालयहरू यस समितिको कार्यक्षेत्र भित्र रहेका छन् । वातावरण संरक्षण Cross-Cutting Issue भएकोले उल्लेखित ५ मन्त्रालयका अतिरिक्त अन्य मन्त्रालयका वातावरणसँग जोडिएका विषय क्षेत्रहरू समेत यस समितिको कार्य क्षेत्र भित्र पर्दछन् ।

वातावरण संरक्षण समितिले समितिको वैठकमा कार्य क्षेत्रसँग सम्बन्धित मन्त्रालयहरूलाई आमन्त्रण गरी ती मन्त्रालयका कार्यहरूका विषयहरूमा छलफल गरी आवश्यकतानुसार निर्देशन दिने, दिएका निर्देशनहरूको सम्वन्धमा आवश्यकतानुसार स्थलगत अवलोकन भ्रमण गर्ने र आवश्यक परेमा पुनःमन्त्रालयका पदाधिकारी तथा अधिकारीहरू सहित समितिमा छलफल गर्ने जस्ता कार्यहरू गर्दै आइरहेको छ ।

समितिको आन्तरिक कामकारबाहीमा सहयोग पुऱ्याउन समितिले तोकेको कार्य क्षेत्रभित्रको विषयको अध्ययन गरी समिति समक्ष प्रतिवेदन पेश गर्न यस समिति अन्तर्गत वनतथा भू-संरक्षण सम्बन्धी उपसमिति, वातावरण, विज्ञान तथा प्रविधि सम्वन्धी उपसमिति, सहरी विकास सम्बन्धी उपसमिति, चुरे संरक्षण सम्बन्धी उपसमिति, मेलम्ची खानेपानी आयोजना सम्वन्धी उपसमिति, विवाद समाधान उपसमिति, रणनीति तयारी सम्वन्धी उपसमितिहरू गठन गरिएको छ र यी समितिहरू आ-आफ्ना कार्य क्षेत्रमा क्रियाशील रहेका छन् ।

समितिका काम, कारवाहीहरू अध्ययन अनुसन्धानमा आधारित हुन नसक्नु, समितिले दिएका निर्देशनहरूको कार्यान्वनयको अवस्था बारे अनुगमन तथ मूल्याङ्कन प्रभावकारी नहुनु जस्ता समस्याका कारण संसदीय समितिका निर्देशनहरूबाट सार्वजनिक क्षेत्रलाई उत्तरदायी बनाई सुशासन कायम गराउने कार्य कमजोर रहेको प्रतित हुन्छ । यसर्थ आगामी दिनमा अध्ययन अनुसन्धान र अनुगमन प्रणालीलाई प्रभावकारी बनाई समितिलाई सक्रिय बनाउनु पर्ने आवश्यकता महशुस गरिएको छ भने अर्कोतिर विश्वव्यापी दिगो विकासका लक्ष्य (Sustainable Development Goals) अनुरूप वन तथा वातावरण सम्वन्धी नेपालले तय गरेका लक्ष्यहरू प्राप्तिका लागि समितिले आगामी दिनमा खेल्नु पर्ने भूमिका महत्वपूर्ण रहेको कुरा म स्मरण गराउन चाहन्छु । समितिले मुख्य रूपमा आगामी दिनमा निम्नानुसारका कार्यहरूलाई प्राथमिकतामा राखिएको व्यहोरा समेत यस सम्मानित सदनमा अवगत गराउन चाहन्छु ।

- समितिको रणनीतिक योजना तयार गरी समितिका आगामी दिनका क्रियाकलापहरूलाई निर्देशित गर्ने सम्वन्धी कार्य ।
- नेपाल पक्ष भएका वातावरण सम्वन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुरूप नेपालले वहन गर्नुपर्ने दायित्व र प्राप्त हुने अधिकारहरूको बारेमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने कार्य ।
- नेपालका लागि आवश्यक राष्ट्रिय वातावरण नीति तयार गरी, गराई कार्यान्वयन गर्ने, गराउने कार्य ।
- दिगो विकासका लक्ष्य अनुसार कार्य गरे, नगरेको विषयमा विस्तृत रूपमा अध्ययन गरी दिगो विकासका लक्ष्यहरूलाई प्राप्तिका लागि सरकारलाई निर्देशन दिने सम्वन्धी कार्य ।
- वन, जैविक विविधता तथा जलवायु परिवर्तनबाट प्रत्यक्ष रूपमा मारमा परेका स्थानीय समुदाय, आदिवासी, जनजातिहरूको सम्वन्धमा अन्तर्राष्ट्रिय सन्धि, संझौताहरूले प्रदान गरेका सुहलियत, सुविधा तथा अधिकारहरू स्थापित गर्ने, गराउने सम्वन्धी कार्य ।
- समितिका काम कारवाहीहरूलाई प्रभावकारी बनाउन साविकमा क्रियाशील नभएका उपसमितिहरूलाई क्रियाशील बनाउने तथा कतिपय क्रियाशील भैरहेका उपसमितिहरूलाई पनि अझ प्रभावकारी बनाउन उपसमितिहरूको पुनर्गठन गर्ने कार्य ।

अन्तमा, समितिको कार्य सम्पादनमा निरन्तर सहयोग पुऱ्याउनु हुने सम्माननीय सभामुखज्यू, माननीय उप-सभामुखज्यू, समितिका सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यस्तै समितिलाई विभिन्न तवरबाट सहयोग पुऱ्याउनु हुने व्यवस्थापिका-संसदका महासचिव श्री मनोहरप्रसाद भट्टराई, सचिवालय सचिवद्वय श्री हिमलाल सुवेदी र बीरेन्द्रबहादुर कार्की एवं समिति सचिवालयमा कार्यरत कर्मचारीहरू एवं समितिको कार्यक्षेत्र भित्रका मन्त्रालय/ विभाग/ आयोग/ सचिवालय, विषय विज्ञहरू, सञ्चारकर्मी लगायत, विभिन्न दातृ संघ-संस्था, नागरिक समाजका व्यक्ति लगायत अन्य सवै सरोकारवालाहरूलाई समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

(मा. जनकराज चौधरी)
सभापति

# भाग-१

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

कानून बनाउने, त्यसको कार्यान्वयन गर्ने र न्याय सम्पादन गर्ने कार्यका लागि सिर्जना गरिएका सरकारका तीन अंग व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका मध्ये व्यवस्थापिका एक हो, जसले देशका लागि आवश्यक कानूनहरूको निर्माण गर्ने र सरकारलाई जनउत्तरदायी बनाउने कार्य गर्दछ । व्यवस्थापिका जनप्रतिनिधिहरूले सार्वभौमसत्ताको अधिकार प्रयोग गर्ने थलो भएकाले यसलाई राज्यको सर्वोच्च निकायको रूपमा लिइन्छ । जनप्रतिनिधिहरूको सबैभन्दा माथिल्लो तहलाई विधायिका, संसद, व्यवस्थापिका, प्रतिनिधिसभा, जनप्रतिनिधिसभा जस्ता विभिन्न नामहरूले सम्वोधन गर्ने गरिन्छ । नेपालमा यसलाई व्यवस्थापिका-संसदका नामले चिनिन्छ । २०७२ साल असोज ३ गते नेपालमा नयाँ संविधान जारी भए पश्चात् साविकको संविधानसभा हाल व्यवस्थापिका-संसदमा रूपान्तरण भएको हो ।

व्यवस्थापिका-संसदको सफलता र प्रभावकारिता संसदीय समितिहरूकै सफलता र प्रभावकारितामा भर पर्दछ । संसदको प्रत्यक्ष निर्देशन, नियन्त्रणभित्र रहेर संसदीय अभ्यास गर्ने वास्तविक थलोको रूपमा संसदीय समितिहरूलाई लिइन्छ । व्यवस्थापिका-संसदले सम्पादन गर्ने कार्यहरूलाई संसदीय समितिहरूमा विभाजन गरी सम्पादन गर्ने गरिन्छ । Mini Parliament का रूपमा रहेका यस्ता समितिहरूलाई संसदका कार्यशाला पनि भन्ने गरिन्छ ।

व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १७६ वमोजिम गठित विषयगत समितिहरू मध्ये वातावरण संरक्षण समिति पनि एक हो । सरकारलाई व्यवस्थापिका-संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन एवं सरकारबाट भए गरेका वातावरणसँग सम्बन्धित काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन, राय सल्लाह दिने मुख्य उद्देश्यका लागि संसदीय समितिहरूको गठन हुने व्यवस्था वमोजिम वातावरणको क्षेत्रमा गर्नु पर्ने नीतिगत, व्यवस्थापिकीय लगायतका क्रियाकलापहरूका सन्दर्भमा आवश्यक कानूनहरूको तर्जुमा गर्न, सरकारलाई व्यवस्थापिका-संसदप्रति वातावरणीय दृष्टिले उत्तरदायी र जवाफदेही बनाउन एवं सरकारबाट भए गरेका यस सम्वन्धी काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन, राय सल्लाह दिने कार्यमा यो समिति क्रियाशील छ ।

## १.२ समितिको गठन

व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १७९ मा सभामुखले व्यवस्थापिका-संसदको सहमति लिई पदेन सदस्य बाहेक बढीमा ५१ जना सदस्यहरू मनोनयन गर्न सक्ने व्यवस्था छ । यस व्यवस्था वमोजिम हाल वातावरण संरक्षण समितिमा पदेन सदस्य बाहेक ४७ जना सदस्यहरू रहनु भएको छ । समितिको कार्यक्षेत्रभित्र पर्ने सम्वन्धित मन्त्रालयका मन्त्री यस समितिमा पदेन सदस्यका रूपमा रहने व्यवस्था छ । यस व्यवस्था अनुरूप हाल यस समितिमा १.३ मा उल्लेख गरिएका विभिन्न ५ वटा मन्त्रालयका ५ जना मा. मन्त्रीहरू समितिको पदेन सदस्यहरूको रूपमा रहनु हुन्छ । व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलको प्रतिनिधित्व हुने गरी महिला, आदिवासी/जनजाती, मधेशी, दलित, मुस्लिम, पिछडिएको क्षेत्र, खस-आर्य, अल्पसंख्यक तथा अन्य समुदायहरू मध्ये संसदमा रहेको उपस्थितिको आधारमा समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई ध्यान दिई समितिको गठन गरिएको छ ।

यस समितिको गठन मिति २०७० साल चैत्र २६ गते भएको हो । समितिको मिति २०७१।०५।१५ गते बसेको १० औं बैठकले समितिका सदस्य मा. जनकराज चौधरीलाई सभापति पदमा निर्विरोध रूपमा चयन गरेको थियो भने सभापतिको चयन हुनु अघि समितिका सदस्यहरू मध्ये नियमावलीको व्यवस्था अनुसार जेष्ठ सदस्य मा. दिर्घराज भाटले अध्यक्षता ग्रहण गर्नुभएको थियो । यस समितिको मिति २०७१।०१।२४ गते पहिलो बैठक बसेको थियो । त्यस उप्रान्त हालसम्म समितिका ९४ वटा बैठकहरू सम्पन्न भै सकेका छन् ।

यस समितिको काम कारवाहीमा आवश्यक सहयोग पुऱ्याउन समितिको छुट्टै सचिवालय रहेको छ । सचिवालयमा कार्यरत कर्मचारीहरूको नामावली अनुसूची -३ मा राखिएको छ ।

## १.३ समितिको कार्य क्षेत्र

व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १७७ (१) बमोजिम समितिको कार्यक्षेत्र भित्र देहायका मन्त्रालयहरू रहेका छन् :

- खानेपानी तथा सरसफाई मन्त्रालय,
- जनसंख्या तथा वातावरण मन्त्रालय,
- वन तथा भू-संरक्षण मन्त्रालय,
- विज्ञान तथा प्रविधि मन्त्रालय र
- सहरी विकास मन्त्रालय ।

वातावरण संरक्षणको विषय हाल विश्वव्यापी चासो र चिन्तनको विषय बनेको छ । वातावरणले समग्र प्रणालीका प्रायः सबै आयामहरूलाई प्रभावित पार्ने भएकोले यसलाई वहुपक्षीय र Cross-Cutting Issue का रूपमा लिने गरिन्छ । यस समितिले मूलतः वातावरणमैत्री गतिविधि मार्फत दिगो विकासलाई केन्द्रमा राखी कार्य गर्ने र भावी सन्ततीहरूका आवश्यकता परिपूर्ति गर्ने क्षमतामा ह्रास नआउने गरी वर्तमानमा संचालन गरिने विकासका गतिविधिहरू वातावरणीय पक्षलाई संवोधन गरी अघि बढेका छन्/छैनन् भन्ने विषयलाई नीतिगत तथा व्यवस्थापकीय लगायतका आयामबाट हेर्ने हुँदा वातावरणसँग जोडिएका अन्य मन्त्रालय, आयोग, सचिवालयका कार्यहरू समेत यस समितिको कार्य क्षेत्रभित्र पर्दछन् ।

## १.४ समितिको काम, कर्तव्य र अधिकार

व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १८२ मा व्यवस्था भए बमोजिम यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

१. समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय र अन्तर्गतका निकायहरूको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने ।

२. समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय र अन्तर्गतका निकायहरूको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरीका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा

सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफनो राय सहितको वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने ।

३. मन्त्रिपरिषद्का सदस्यहरूले सरकारको तर्फबाट सभामा समय समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न नेपाल सरकारद्वारा के कस्ता कदमहरू उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र व्यवस्थापिका-संसदको बैठकमा प्रतिवेदन पेश गर्ने ।

४. विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी निर्देशन दिने र व्यवस्थापिका-संसदको बैठकमा प्रतिवेदन पेश गर्ने ।

५. सरकारद्वारा प्रचलित ऐन, नियम अनुरूप भए गरेका काम कारवाही बारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

६. सरकारद्वारा समय समयमा गठन हुने छानविन आयोग/समिति र जाँचबुझ आयोग/समितिहरूद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने ।

७. मन्त्रालय, विभाग र अन्य निकायहरूबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्वन्धमा आवश्यक निर्देशन दिने ।

८. समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफनो कार्यक्रम संचालन गर्ने र

९. माथि उल्लेखित विषयहरू बमोजिम कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरू र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरूसँग समेत विचारको आदान प्रदान गर्ने ।

१०. व्यवस्थापिका-संसदको बैठकले सुम्पेका अन्य काम गर्ने ।

## १.५ उपसमितिको गठन

नियमावलीमा भएको व्यवस्था अनुसार समितिको आन्तरिक काम कारबाही सञ्चालन गर्न वा समितिको कार्य क्षेत्रभित्रको विषयको अध्ययन गरी समिति समक्ष प्रतिवेदन पेश गर्न समितिका सदस्यहरू मध्येबाट उपसमिति गठन गर्न सक्ने नियमावलीको नियम १९१ मा व्यवस्था भए बमोजिम वातावरण संरक्षण समितिले देहायका उपसमितिहरू गठन गरेको छ :

१. वन तथा भू-संरक्षण सम्बन्धी उपसमिति
२. वातावरण, विज्ञान तथा प्रविधि सम्वन्धी उपसमिति
३. सहरी विकास सम्बन्धी उपसमिति
४. चुरे संरक्षण सम्बन्धी उपसमिति
५. मेलम्ची खानेपानी आयोजना सम्वन्धी उपसमिति
६. विवाद समाधान उपसमिति
७. रणनीति तयारी सम्वन्धी उपसमिति

उपसमितिमा रहनु हुने माननीय सदस्यहरूको नामावली अनुसूची -२ मा उल्लेख गरिएको छ ।

## १.६ उपसमितिहरुले कार्य गर्दा अपनाउने कार्यविधि

उपसमितिहरू गठन गर्दा समितिले तोकिदिएको कार्य क्षेत्रभित्रको विषयको अध्ययन गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी तपसिल वमोजिमको कार्यविधि तय गरिएको छ :

१. आफू मध्येबाट संयोजक चयन गर्ने ।

२. समितिको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने ।

३. सम्बन्धित मन्त्रालय/विभागहरूसँग छलफल गरी आवश्यक राय सुझाव एवं निर्देशन दिने । तर महत्वपूर्ण विषयहरूका साथै दीर्घकालीन नीतिगत विषयमा भने समिति मार्फत निर्देशन/निर्णय लिने कार्यप्रक्रिया अबलम्बन गर्ने ।

४. उपसमितिहरूको कार्य क्षेत्र एवं विषय सम्बन्धमा द्विविधा उत्पन्न भएमा सभापतिको निर्देशन बमोजिम कार्य गर्ने ।

५. कुनै विषयको अध्ययनका क्रममा स्थलगत भ्रमणको आवश्यकता भएमा उपसमितिको निर्णयले सभापति मार्फत सभामुखको स्वीकृति बमोजिम भ्रमण गर्ने ।

६. उपसमितिको सदस्य नभएको समितिको सदस्यले उपसमितिको बैठकमा भाग लिन चाहेमा संयोजकको अनुमतिले भाग लिन दिने ।

७. समितिको बैठकको निर्णयानुसार उपसमितिका सदस्यहरू थपघट र हेरफेर हुन सक्ने ।

८. आवश्यकतानुसार विषय विशेषज्ञहरूसँग छलफल गर्ने र परामर्श लिने ।

# भाग-२

# वातावरण संरक्षण समितिको कार्यक्षेत्र अन्तर्गतका मन्त्रालयहरूको कार्य विवरण

वातावरण संरक्षण समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालयका कार्यहरूको अध्ययन, विश्लेषण गरी सो कार्यहरूबारे नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने समितिको मुख्य कार्य हो ।

## २.१ खानेपानी तथा सरसफाई मन्त्रालयको कार्य विवरण

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार खानेपानी तथा सरसफाई मन्त्रालयबाट सम्पादन गरिने कार्यहरूलाई निम्नानुसार विभाजन गरिएको छ ।

- खानेपानी सम्वन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्यांकन,
- खानेपानी, सरसफाई तथा ढल निकास,
- काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड,
- काठमाडौं उपत्यका खानेपानी लिमिटेड,
- काठमाडौं उपत्यका खानेपानी तथा सरसफाई आयोजना कार्यान्वयन निर्देशनालय,
- नेपाल खानेपानी संस्थान,
- मेलम्ची खानेपानी विकास समिति तथा मेलम्ची खानेपानी आयोजना र अन्य खानेपानीसँग सम्वन्धित विषय,
- खानेपानी तथा महशुल निर्धारण आयोग,
- नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूहको स्यानिटरी उपसमूहको सञ्चालन ।

## २.२ जनसंख्या तथा वातावरण मन्त्रालयको कार्य विवरण

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार जनसंख्या तथा वातावरण मन्त्रालयबाट सम्पादन गरिने कार्यहरूलाई निम्नानुसार विभाजन गरिएको छ ।

- वातावरण तथा जनसंख्या सम्वन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन,

- वातावरण तथा जनसंख्या सम्वन्धी अध्ययन तथा अनुसन्धान र सर्वेक्षण, तालिम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन आदि,
- वातावरण तथा जनसंख्या सम्वन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क र समन्वय,
- सरकारी तथा गैरसरकारी संघ संस्थाद्वारा कार्यान्वयन गरिएका वातावरण तथा जनसंख्या सम्वन्धी कार्यक्रमको मूल्यांकन तथा समिक्षा,
- वातावरण तथा जनसंख्या सम्वन्धी जनशक्तिको विकास र उपयोग,
- वातावरण क्षेत्रमा भएका प्रगतिको अन्वेषण तथा अनुसन्धान,
- वातावरण सम्वद्ध विश्वविद्यालयसँग सम्पर्क तथा समन्वय,
- वातावरण विषयक द्विपक्षीय र बहुपक्षीय सम्झौता तथा समझदारीपत्र,
- जल तथा मौसम विज्ञान विषयक अध्ययन, अनुसन्धान र भविष्यवाणी,
- जैविक प्रविधिको अध्ययन, अनुसन्धान, प्रवर्द्धन, विकास, उपयोग र नियमन,
- जलवायु परिवर्तन तथा अनुकूलन,
- वातावरण तथा जनसंख्या विषय सम्वन्धी प्रकाशन एवं प्रचार-प्रसार,
- प्रदूषण नियन्त्रण, वातावरण संरक्षण र सन्तुलन,
- वैकल्पिक उर्जा विकास,
- संयूक्त राष्ट्र जनसंख्या कोष र जनसंख्या सम्वद्ध अन्तर्राष्ट्रिय संघ संस्था,
- जनसंख्या व्यवस्थापन, जनसंख्या तथा बसाइसराइ नीति, योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन ।

## २.३ वन तथा भू–संरक्षण मन्त्रालयको कार्य विवरण

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार वन तथा भू–संरक्षण मन्त्रालयबाट सम्पादन गरिने कार्यहरूलाई निम्नानुसार विभाजन गरिएको छ ।

- वन तथा भू-संरक्षण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन,
- राष्ट्रिय वन क्षेत्र, सरकार वन, सरकारद्धारा व्यवस्थित वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, कवुलियती वन, चकला वन तथा नीजि वन आदि,
- सरकारी र गैर-सरकारी वन क्षेत्रको सर्वेक्षण, नाप नक्सा र सीमा निर्धारण,

- वन जंगलको संरक्षण, उपयोग, सम्बर्द्धन र व्यवस्थापन,
- वन पैदावार (काठ, दाउरा, वन्यजन्तु, जडीबुटी, गैर-काष्ठ पदार्थ, वन क्षेत्रको पानी, माटो, ढुङ्गा, गिट्टी, बालुवा आदि) को संरक्षण र व्यवस्थापन,
- वन जन्य उद्योग दिगो संचालनका लागि र कच्चा पदार्थहरूको प्रवन्ध र व्यवस्थापन,
- वन सम्बन्धी अध्ययन, अनुसन्धान, प्रचार-प्रसार, तालिम, क्षमता अभिवृद्धि आदि,
- वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता तथा प्राकृतिक वातावरणको संरक्षण, सदुपयोग र लाभको बाँडफाँड,
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, सीमसार क्षेत्र र चरन क्षेत्रसँग सम्बन्धित कानुन संशोधनको विषय,
- हात्तीसार र चिडियाखानाको व्यवस्थापन,
- भू तथा जलाधार क्षेत्र संरक्षण, बृहत जलाधार क्षेत्र तथा ताल-तलैयाको संरक्षण, सम्बर्द्धन, विकास र समन्वय र व्यवस्थापन,
- प्राकृतिक वातावरणको संरक्षण र सन्तुलन,
- वनस्पति र जडिबुटी सम्बन्धी नीति तथा अध्ययन, अनुसन्धान, प्रचार-प्रसार सर्वेक्षण, संकलन, प्रवर्द्धन, प्रशोधन, उत्पादन र उपयोग तथा व्यवसायीकरण,
- वनस्पति उद्यान तथा जडीबुटी उद्योग,
- वनस्पति, वन्यजन्तु र जैविक विविधता संग्रहालय,
- वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, वन क्षेत्रसँग सम्बन्धित जलवायु परिवर्तन, जलाधार संरक्षण र भू-संरक्षण सम्बन्धी प्रदर्शनी तथा प्रचार-प्रसार,
- वन, वनस्पति, वन्यजन्तु जलाधार संरक्षण, जैविक विविधता र भू-संरक्षण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धी सम्झौताको कार्यान्वयन,
- वन, वनस्पति, वन्यजन्तु जलाधार संरक्षण र भू-संरक्षण सम्बन्धी विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग समन्वय र सम्पर्क,
- प्रकृति संरक्षण ग्रीनरी पार्क (Greenary Park) को नीति निर्माण गर्ने,
- सरकारी, सार्वजनिक र निजी क्षेत्रमा वृक्षारोपण, वन विकास तथा व्यवस्थापन, र
- नेपाल वन सेवाको सञ्चालन ।

## २.४ विज्ञान तथा प्रविधि मन्त्रालयको कार्य विवरण

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार विज्ञान तथा प्रविधि मन्त्रालयबाट सम्पादन गरिने कार्यहरूलाई निम्नानुसार विभाजन गरिएको छ ।

- विज्ञान र सूचना प्रविधि सम्वन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन,
- विज्ञान र प्रविधि सम्वन्धी अध्ययन तथा अनुसन्धान र सर्वेक्षण, तालिम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन आदि,
- विज्ञान र प्रविधि सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क र समन्वय,
- सरकारी तथा गैरसरकारी संघ संस्थाद्वारा कार्यान्वयन गरिएका विज्ञान र प्रविधि सम्वन्धी कार्यक्रमको मूल्यांकन तथा समीक्षा,
- विज्ञान र प्रविधि सम्वन्धी जनशक्तिको विकास र उपयोग,
- विज्ञान तथा प्रविधिको विकास तथा विस्तारका कार्यक्रम,
- विज्ञान र प्रविधिको क्षेत्रमा भएका प्रगतिको अन्वेषण तथा अनुसन्धान,
- विज्ञान र प्रविधि सम्वद्ध विश्वविद्यालयसँग सम्पर्क तथा समन्वय,
- विज्ञान र प्रविधिसँग सम्वन्धित सामाग्रीको उत्पादन, आपूर्ति तथा व्यवस्थापन,
- अत्याधुनिक प्रविधि विषयक तथ्यांक संकलन, प्रशोधन र सर्वेक्षण,
- विज्ञान प्रविधि विषयक द्विपक्षीय र बहुपक्षीय सम्झौता तथा समझदारीपत्र,
- सूचना प्रविधिको विकास र विस्तार,
- पारमाणविक (Nuclear) प्रविधिको उपयोग तथा प्रवर्द्धन र त्यसको अनुगमन, नियन्त्रण र नियमन,
- रासायनिक पदार्थको उपयोग तथा प्रवर्द्धन र त्यसको अनुगमन, नियन्त्रण र नियमन,
- अन्तरिक्ष विज्ञान सम्वन्धी अध्ययन तथा अनुसन्धान,
- सूचना प्रविधि सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था,
- नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान,
- विज्ञान तथा प्रविधि परिषद्
- राष्ट्रिय विधि विज्ञान प्रयोगशाला,
- प्लानेटोरियम, वेधशाला र विज्ञान संग्रहालय ।

## २.५ सहरी विकास मन्त्रालयको कार्य विवरण

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार सहरी विकास मन्त्रालयबाट सम्पादन गरिने कार्यहरूलाई निम्नानुसार विभाजन गरिएको छ ।

- सहरी विकास र सहरी पूर्वाधार विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,
- नगरपालिका तथा नगरोन्मुख स्थानहरूको भौतिक योजना तथा कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन,
- सरकारी भवनको निर्माण, मर्मत-सम्भार, रेखदेख र सुरक्षा,
- भवन र अन्य निर्माण सामाग्रीको प्रविधि, अनुसन्धान तथा विकास सम्बन्धी संहिता र मापदण्डको तयारी तथा कार्यान्वयन,
- सहरीकरण, सहरी भू-उपयोग र सहरी विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
- बसोबास र वस्ती विकास,
- अव्यवस्थित बसोबासको व्यवस्थापन, सहरी विपन्न वर्ग तथा सहरी आवास विहीनको आवास व्यवस्थापन,
- केन्द्रीय सचिवालयको भवन व्यवस्थापन,
- मन्त्रिपरिषदका सदस्य, संवैधानिक अंगका प्रमुख आदिको आवास व्यवस्था,
- नगर विकास समिति र आवास तथा सहरी विकास सम्बन्धी संस्थाको रेखदेख,
- आवास निर्माण सम्बन्धी गैरसरकारी क्षेत्रका संस्थाको प्रवर्द्धन तथा विकास,
- आवास तथा सहरी विकास सम्बन्धी अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ-संस्थासँग सम्पर्क सहयोग,
- रणनीतिक सडक वाहेकका सहरी सडक,
- विशिष्ट सहरी संरचनाको डिजाइन र निर्माण,
- काठमाडौं उपत्यका विकास प्राधिकरण,
- नगर विकास प्रशिक्षण केन्द्र,
- सिंहदरवार विकास समिति,
- अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति,
- अधिकार सम्पन्न बाग्मती सभ्यता एकिकृत विकास समिति
- ग्रामीण आवास कम्पनी लिमिटेड,
- नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूहको बिल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूहको संचालन ।

# भाग-३

# क्रियाकलाप/गतिविधी

## ३.१ समितिका क्रियाकलाप/गतिविधि

समितिको गठन यता हालसम्म जम्मा ९४ वटा बैठकहरू सम्पन्न भएका छन्, जसमध्ये गत आर्थिक वर्षमा अर्थात मिति २०७२/०४/०१ गते देखि २०७३/०३/३२ सम्म समितिका बैठक संख्या ५७ देखि ८१ सम्म गरी २५ वटा बैठकहरू सम्पन्न भएका छन् । समितिले यस अवधिमा गरेका उल्लेखित बैठकहरू मार्फत सम्वन्धित मन्त्रालय/निकायहरूलाई दिइएका निर्देशनहरू, गरेका निर्णय तथा काम कारवाही निम्नानुसार रहेका छन् :

| सि.नं. | बैठक संख्या | मिति | समितिका निर्णयहरु |
|---|---|---|---|
| १ | ५७ | २०७२/०४/१४ | आजको बैठकमा मेलम्ची खानेपानी आयोजना सम्बन्धमा व्यापक रूपमा गरिएको छलफल पश्चात् मेलम्ची खानेपानी आयोजना सम्बन्धी स्थलगत अवलोकन गरी सो सम्बन्धमा ३ महिना भित्र वृहत प्रतिवेदन तयार गर्न नियम १२४ अनुसार उपसमितिले TOR आफैले बनाई कार्य अगाडि बढाउन मा. डा. दुमन सिंह थापा क्षेत्रीको संयोजकत्वमा निम्नानुसारको उपसमिति गठन गर्ने ।<br><br>**<u>माननीय सदस्यहरू</u>**<br>१. मा. डा. श्री दुमन सिंह थापा क्षेत्री - संयोजक<br>२. मा. श्री सकलदेव सुतिहार - सदस्य<br>३. मा. श्री राधिका तामाङ - सदस्य<br>४. मा. श्री रेशमबहादुर लामा - सदस्य<br>५. मा. श्री परशुराम तामाङ - सदस्य<br>६. मा. श्री कमला विश्वकर्मा - सदस्य |

| सि.नं. | बैठक संख्या | मिति | समितिका निर्णयहरु |
|---|---|---|---|
| २ | ५८ | २०७२/०४/१७ | • कालीमाटी तरकारी, फलफुल बजारमा तरकारी, फलफुल विक्री गर्दा प्लाष्टिकको झोला प्रयोग भएको जानकारी प्राप्त भएकाले हुँदा, उक्त क्षेत्रमा अब आइन्दा प्लाष्टिकको झोला प्रयोगमा पूर्ण प्रतिवन्ध लगाउन नेपाल सरकार र कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>• उपत्यकामा प्लाष्टिकको झोलाको प्रयोग नगर्न/नगराउन र वातावरण संरक्षण गर्नका लागि सूचना सम्प्रेषण तथा प्रचार-प्रसार गर्नका लागि राष्ट्रिय मिडियाले निःशुल्क रूपमा प्रशारण गर्ने व्यवस्थापन मिलाउन सूचना तथा सञ्चार मन्त्रालयलाई निर्देशन दिने ।<br>• स्थानीय निकाय र प्रहरी प्रशासनले सार्वजनिक रपमा प्लाष्टिकको झोला प्रयोग गर्न रोक लगाउनका लागि सहयोग गर्न नेपाल सरकार, गृह मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>• पुनर्निमाण योजना वातावरण मैत्री बनाउन, वातावरणविद्‌लाई सहभागी गराउन र विज्ञान, प्रविधिको उपयोगमा आधारित बनाउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयलाई निर्देशन दिने ।<br>• पुनर्निमाण र नवनिर्माणको काम शुरू गर्दा पनि EIA/IEE गर्नैपर्ने व्यवस्थाका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयलाई निर्देशन दिने ।<br>• उद्योगीले प्लाष्टिकको झोलाको मापदण्ड पालना गर्ने व्यवस्था १५ (पन्ध्र) दिनभित्र मिलाउन र वैकल्पिक झोला उत्पादनको व्यवस्था गर्न नेपाल सरकार, उद्योग मन्त्रालयलाई निर्देशन दिने ।<br>• काठमाडौं जिल्ला वाणभञ्ज्याङ्ग गा.वि.स. वडा नं. ३(क) के कि.नं. १०१ को सुयल हाउजिङ्ग कम्पनीको जग्गा भएकोले निज कम्पनीले भोग चलन गर्दा वातावरण असर नपर्ने भएकोले बेचविखन गर्न, धितो/धरौटी राख्न समेत पाउने अधिकार रहेकोले जग्गा धनी श्रेस्ता कायम गरी दिन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयलाई निर्देशन दिने । |

| सि.नं. | बैठक संख्या | मिति | समितिका निर्णयहरु |
|---|---|---|---|
| ३ | ५९ | २०७२/०५/१७ | • आजको बैठकमा क्रसर उद्योग, ढुङ्गा, बालुवाको दर रेट तथा उद्योग मन्त्रालयले निर्दिष्ट गरेका ठाउँहरूमा क्रसर उद्योग स्थानान्तरण गर्ने सम्बन्धमा हालसम्म भएको कार्यप्रगतिका सम्बन्धमा सम्बन्धित मन्त्रालयहरूको धारणा बुझियो ।<br>• आगामी वैठकमा समितिका माननीय सदस्यज्यूहरुले सम्बन्धित मन्त्रालयका मन्त्रीज्यूहरूको अनिवार्य उपस्थितिको माग गरे बमोजिम अर्को वैठकमा मन्त्रीज्यूहरूलाई समितिको वैठकमा आमन्त्रण गर्ने निर्णय भयो । |
| ४ | ६० | २०७२/०५/२० | • डोटी जिल्लाको सामुदायिक वन भित्र हाइटेन्सन लाईन विस्तारका सम्बन्धमा लिखित रूपमा विस्तृत जानकारी समितिमा उपलब्ध गराई दिन वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्देशन दिने ।<br>• चुरे क्षेत्रभित्र लगायत विभिन्न प्रकृतिका वनको ढला, पडा काठ सम्बन्धमा यस समितिले मिति २०७२ वैशाख २७ गतेको निर्देशन प्रभावकारी रूपमा कार्यान्वयनका लागि वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्देशन दिने ।<br>• नेपालमा रहेका झ्याउसँग सम्वन्धित उद्योग सञ्चालन गर्नका लागि विस्तृत रूपमा अध्ययन गरी श्रोत सर्वेक्षणको परिधि भित्र रही श्रोतको अधिक दोहन नहुने गरी आवश्यक कानूनी व्यवस्था मिलाई उद्योग संचालन गर्न/गराउन वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्देशन दिने ।<br>• विदेशबाट आयात हुने काठको तथ्याङ्क अर्थ मन्त्रालय र वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग माग गर्ने र सो काठको गुणस्तर चेकजाँच गर्न प्राविधिक सहितको टोली गठन गर्ने । |

| सि.नं. | बैठक संख्या | मिति | समितिका निर्णयहरु |
|---|---|---|---|
| ५ | ६१ | २०७२/०८/०९ | • समितिको वार्षिक प्रतिवेदन २०७१/०७२ मा माननीय सदस्यज्यूहरूको सुझाव तथा टिप्पणी भएमा २०७२/८/११ शुक्रबार ४:०० बजेसम्म माननीयको नाम र हस्ताक्षरका साथ समिति सचिवालयमा उपलब्ध गराउने साथै सचिवालयले सो अनुसार संशोधन गर्ने/गराउने । <br> • समितिको मिति २०७२/०४/१४ गतेको ५७ औं बैठकबाट ३ महिना भित्र प्रतिवेदन पेश गर्ने गरी गठन गरिएको मेलम्ची खानेपानी सम्वन्धी उपसमितिले सो आयोजनाको अध्ययन अनुगमन गरी तोकिएको समयमा प्रतिवेदन पेश गर्न समयाभाव जनाई २०७३ असार मसान्तसम्म म्याद थप गर्न प्रस्ताव गरे अनुसार आयोजनाको विस्तृत रूपमा अध्ययन, स्थलगत भ्रमण समेत गरी आयोजनाका विद्यमान समस्या र समाधानको उपायहरू समेत समिति समक्ष पेश गर्ने गरी माग भए बमोजिमको म्याद थप गर्ने । |
| ६ | ६२ | २०७२/०८/१३ | वातावरण संरक्षण समितिको वार्षिक प्रतिवेदन २०७१/०७२ उपर माननीयज्यूहरूले उठाउनु भएका सम्बन्धित सुझावहरूलाई परिमार्जन सहित प्रतिवेदनमा समावेश गर्ने र उक्त प्रतिवेदन व्यवस्थापिका-संसदमा पेश गर्ने । |
| ७ | ६३ | २०७२/०८/१६ | आजको बैठकमा उद्योग मन्त्रालय, अर्थ मन्त्रालय, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय लगायतका अन्य सकोरारवालहरू बीच भएको छलफल पश्चात् विद्युतीय यातायातलाई प्रवर्द्धन गर्ने उपायबारे अध्ययन गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । |

| सि.नं. | बैठक संख्या | मिति | समितिका निर्णयहरु |
|---|---|---|---|
| ८ | ६४ | २०७२/०९/१२ | वातावरणमैत्री यातायातको अधिकतम प्रयोग र प्रोत्साहन गरी सञ्चालन गर्न विभिन्न प्रकारका नितिगत एवं कानूनी समस्याहरू देखियो । वातावरण मैत्री यातायात तथा नितिगत समस्या सम्बन्धमा आज उपस्थित सबै निकायहरू सँग व्यापक छलफल पछि सम्बन्धित निकायले प्रत्येक ३/३ महिनामा प्रगति प्रतिवेदन पेश गर्ने गरी समितिले निम्न बमोजिमको निर्देशन दिने निर्णय गर्दछ :<br><br>• सवारी तथा यातायात व्यवस्था सम्बन्धी ऐन २०४९ को दफा ३९ (२) को प्रतिबन्धात्मक व्यवस्थाले सवारी निर्माता कम्पनीले सवारीको बनोट सम्बन्धमा निर्धारित गरेको विस्तृत विवरण (स्पेसिफिकेसन) मा परिवर्तन गर्ने गरी स्वीकृति नदिंदा सवारी साधनलाई वातावरण-मैत्री सवारी साधनको रूपमा परिवर्तन गर्न बाधा परेकोले नेपाल सरकारले अध्ययन गरि सकेको नीतिलाई कार्यान्वयन गर्न उक्त ऐनको दफा ३९ (२) को प्रतिबन्धात्मक वाक्यांश आवश्यक परिमार्जन गर्न नेपाल सरकार, भौतिक योजना तथा यातायात व्यवस्था मन्त्रालयले प्रक्रिया अगाडि बढाउने ।<br><br>• वातावरण मैत्री सवारी तथा यातायात नीति २०७१ को दफा १५ वमोजिम आवश्यक कार्यनीति वा कार्याविधि बनाई कार्यान्वयन गर्नुपर्ने र सोही नीतिको दफा १५ (२) बमोजिम सम्बन्धित अन्य ऐन, नियम तथा नीतिहरू एक वर्षभित्र सशोधन परिमार्जन गर्नुपर्ने व्यवस्था रहेकोमा सो कार्य नभएको देखिएको र नीतिको दफा १० वमोजिम संस्थागत संरचनाहरू पूर्णरूपमा निर्माण नभएकोले ३ महिना भित्र आवश्यक प्रक्रिया पूरा गरी गठन कार्य सम्पन्न गर्ने ।<br><br>• भौतिक योजना तथा यातायात मन्त्रालय, उद्योग मन्त्रालय, जनशंख्या तथा वातावरण मन्त्रालय र अर्थ मन्त्रालयले वातावरण मैत्री विद्युतिय सवारी साधनलाई प्रोत्साहन दिने, विद्युतिय २ वा ४ पाँङग्रे सवारी साधन आयात गर्ने एवं स्वदेशमा उत्पादन गर्न प्रोत्साहन गर्ने र आवश्यक रूट परमिटको व्यवस्था मिलाउने । |

| सि.नं. | बैठक संख्या | मिति | समितिका निर्णयहरु |
|---|---|---|---|
| ८ | ६४ | २०७२/०९/१२ | • नेपाल सरकार, मन्त्रिपरिषद्ले जनतालाई प्रत्यक्ष रूपमा सुविधा दिने विद्युतिय सवारी साधन ट्रलीबस, ट्राम मोनोरेल र रेललाई योजनाबद्ध रूपमा अध्ययन गराई निर्माण गर्ने तथा स्वदेशी एवं विदेशी लगानी जुटाउने कार्य प्रारम्भ गर्ने ।<br>• नेपाल सरकार, मन्त्रिपरिषद्ले २ वा ४ पाङग्रे विद्युतिय सवारी साधन विभिन्न मन्त्रालयहरू एवं सरकारी निकायहरूलाई खरिद गर्न प्रोत्साहन गर्न निर्देशन दिने व्यवस्था मिलाउने ।<br>• वातावरण मन्त्रालयले शहरी क्षेत्रमा समेत सोलार जडानमा जनतालाई दिई रहेको Subsidy (विशेष छुट) कम रहेको पाइएकोले आकर्षित नदेखिएको अवस्थामा सोलाई प्रोत्साहन गर्ने नीतिगत व्यवस्था गर्ने ।<br>• राष्ट्रिय योजना आयोगले वातावरण-मैत्री सवारी साधन विशेष गरी रोपवे, केवलकार, ट्रलीवस, मनोरेल र रेलवे लगायत अन्य विद्युतिय सवारी साधनलाई प्रोत्साहन गर्न योजना एवम् कार्यक्रमलाई प्राथमिकतामा राख्ने । |
| ९ | ६५ | २०७२/०९/१३ | आजको बैठकमा वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गतका निकायहरूका विभिन्न समस्याहरूबारे छलफल भयो । |
| १० | ६६ | २०७२/१०/११ | आजको बैठकमा वातावरण संरक्षणसँग सम्बन्धित रणनीति तथा कार्ययोजना तयार गर्नका लागि निम्न बमोजिमको ६ सदस्यीय रणनीति तयारी उपसमिति गठन गर्ने :<br>१. मा० पार्वत गुरूङ्ग –संयोजक<br>२. मा० परशुराम तामाङ<br>३. मा० गणेश प्रसाद विमली<br>४. मा० छम वहादुर गुरूङ्ग<br>५. मा० कमला विश्वकर्मा<br>६. मा० सीता लुइटेल (ज्ञवाली) |

| सि.नं. | बैठक संख्या | मिति | समितिका निर्णयहरु |
|---|---|---|---|
| ११ | ६७ | २०७२/१०/१४ | • यस समितिले मिति २०७१ भाद्र ९ गते र मिति २०७२ साउन १७ गते गरेको निर्णयको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा हालसम्म सम्बन्धित मन्त्रालयले कुनै ठोस उपलब्धिमूलक कार्य गर्न नसकेको देखिएकोले उक्त मितिको निर्णय यथाशिघ्र प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, उद्योग मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, कृषि विकास मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, गृह मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई पुनः निर्देशन दिने ।<br>• वातावरणमैत्री झोलाको उत्पादन, वितरण र प्रयोग सम्बन्धि प्रचार-प्रसारको कार्य तुरून्त अगाडि बढाउन र निर्णयको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा मन्त्रालयबीच समन्वयकारी भूमिका निर्वाह गर्न गराउन जनसंख्या तथा वातावरण मन्त्रालयलाई निर्देश गर्ने । |
| १२ | ६८ | २०७२/११/१७ | • समितिको आजको वैठकमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिद्वारा सम्पादित एवम् आगामी कार्यक्रमहरूको बारेमा समितिमा छलफल भयो । तत्पश्चात् चुरे क्षेत्रको स्थलगत अनुगमनको लागि चुरे संरक्षण उपसमितिका माननीय सदस्यहरू एवम् समिति सचिवालयका कर्मचारीहरू सहितको टोलीले मिति २०७२/११/२९ गतेदेखि चुरे क्षेत्रको अनुगमन भ्रमण गर्ने । |

| सि.नं. | बैठक संख्या | मिति | समितिका निर्णयहरु |
|---|---|---|---|
| १३ | ६९ | २०७२/१२/१५ | वन तथा भू-संरक्षण मन्त्रालयका सचिव, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका प्रतिनिधि र राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव समेत उपस्थित रहनु भएको आजको छलफलमा राष्ट्रिय प्रकृति संरक्षण कोषको चालु आ.व. को कार्यक्रम, लक्ष्य र हालसम्मको प्रगतिको बारेमा राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिवले समितिका सदस्यहरूलाई जानकारी गराउनु भयो ।<br>छलफलमा माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नु हुँदा उठेका विविध जिज्ञासाका बारेमा कोषका सदस्य सचिव तथा मन्त्रालयका सचिवले थप स्पष्ट पार्नु भयो ।<br>• आजको बैठकमा उठेका विषयवस्तुका सम्वन्धमा सम्वन्धित निकायले समयमा नै ध्यान दिन निर्देश गर्ने ।<br>• राष्ट्रिय प्राकृतिक संरक्षण कोष अन्तर्गत अन्नपूर्ण संरक्षण क्षेत्रमा संचालित कार्यक्रमहरूको स्थलगत अनुगमन गर्न समितिका सदस्य तथा कर्मचारीहरूको एक भ्रमण टोली गठन गरी उपयुक्त समयमा सो क्षेत्रको स्थलगत निरीक्षण भ्रमण गर्ने । |
| १४ | ७० | २०७२/१२/१९ | • आजको बैठकमा वन्यजन्तुको आखेटोपहारको व्यवस्थापनका सम्बन्धमा मन्त्रालयले तयार गरेको प्रतिवेदन अध्ययन गर्न सदस्यहरूबाट समय माग भएकोले मिति २०७२/१२/२१ गतेसम्म समय दिने र अर्को बैठक सोही दिन विहान ८:०० बजे बस्ने । |

| सि.नं. | बैठक संख्या | मिति | समितिका निर्णयहरु |
|---|---|---|---|
| १५ | ७१ | २०७२/१२/२१ | वातावरण संरक्षण समितिका सभापति श्री जनकराज चौधरीको नेतृत्वमा गएको संसदीय टोलीले मिति २०७२/१२/०६ गते सशस्त्र वन रक्षक तालिम केन्द्र, टिकौली र चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा भण्डारण गरिएको आखेटोपहारहरू (वन्यजन्तुहरूको अंग प्रत्यङ्ग) को अवलोकन गर्दा देखिएको अवस्थालाई समितिमा छलफल गर्दा उल्लेखित आखेटोपहारहरूको व्यवस्थापन गर्ने सम्बन्धमा वन तथा भू-संरक्षण मन्त्रालयलाई निम्न बमोजिम निर्देशन गर्दछ :<br>• स्थलगत भ्रमणका क्रममा अवलोकन गर्दा सवै ठाउँमा आखेटोपहारहरू व्यवस्थित ढंगसँग राख्न नसकेको र व्यवस्थापन गर्न भनिएका आखेटोपहारहरूको स्थलगत रूपमा संरक्षण गरी छुट्टाउन नसक्ने अवस्थामा राखीएको पाइएकोले उक्त आखेटोपहारको व्यवस्थापन गर्नु पूर्व सडिगली रहेका वाहेक तिनीहरूको संख्या, तौल वा आकारहरू समेत खुल्नु पर्ने र सो बमोजिम प्राविधिक टोलीले उक्त वस्तुहरूलाई छुट्टाई व्यवस्थापन गर्नु पर्ने ।<br>• वन तथा भू-संरक्षण मन्त्रालयबाट गठित आखेटोपहारको स्थलगत अध्ययन तथा निरिक्षण सिफारिस समितिले पेश गरेको प्रतिवेदनमा उल्लेखित सम्पुर्ण आखेटोपहारको संख्यागत रूपमा र केहीको तौल उल्लेख गरेको पाइए तापनि छालाको आकार, तौल र अवस्था बारे प्रष्ट उल्लेख नभएकोले कुन कुन आखेटोपहारलाई कुन कुन तरिकाले व्यवस्थापन गर्ने हो ? सो प्रष्ट खुल्न नसकेकोले खुलाई व्यवस्थापन गर्नु पर्ने ।<br>• मौजुदा आखेटोपहारहरू मध्ये प्राविधिक एवं वैज्ञानिक दृष्टिकोणले भविष्यको लागि सुरक्षित राख्नु पर्ने आखेटोपहार, विचाराधीन मुद्दामा रहेको आखेटोपहार, वैज्ञानिक अनुसन्धानका लागि आवश्यक आखेटोपहार, नमुनाका लागि सुरक्षित गर्न आखेटोपहारहरूलाई वन तथा भू-संरक्षण मन्त्रालयले सुरक्षित राख्ने गरी दिगो व्यवस्थापन गर्ने र अन्य आखेटोपहारको हकमा वारकोडको प्रयोग गरी पारदर्शितापूर्वक औचित्यताको आधारमा मन्त्रालयले यकिन गरी नष्ट गर्ने लगायतका आवश्यक व्यवस्थापन गर्ने र सोको बारेमा सम्वन्धित निकायहरूलाई पारदर्शिताको लागि नष्ट गर्ने मितिबारे जानकारी गराउने । |

| सि.नं. | बैठक संख्या | मिति | समितिका निर्णयहरु |
|---|---|---|---|
| १५ | ७१ | २०७२/१२/२१ | • आखेटोपहार व्यवस्थापन गर्दा औचित्यता र आवश्यकताको आधारमा निर्णय गरी राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, राष्ट्रियस्तरका संग्रालय, प्राकृतिक संग्रालय सिंहदरवार वैद्यखाना, लगायतका राष्ट्रियस्तरका शैक्षिक, वैज्ञानिक निकाय एवं अन्तराष्ट्रियस्तरका शैक्षिक तथा वैज्ञानिक निकायहरूलाई शैक्षिक, अनुसन्धान, धार्मिक एवं वैज्ञानिक प्रयोगमा लगाउनको लागि सरकारले जैविक विविधता संरक्षणमा नकरात्मक प्रभाव नपर्ने गरी राष्ट्रिय र अन्तराष्ट्रिय कानुन विपरित नहुने गरी उपलब्ध गराउने र सोको प्रयोग बारे अनुगमन गर्ने ।<br>• हाल व्यवस्थापन गर्न छुट्टाइएका आखेटोपहारहरू मध्ये सडिगली रहेका/गएका वा काम नलाग्ने आखेटोपहारहरू प्राविधिकहरूको टोलीद्वारा एकिन गरी सुरक्षित रूपमा नष्ट गर्ने ।<br>• नेपाल सरकारले राम्रो अवस्थामा रहेका आखेटोपहार मध्ये विभिन्न उद्देश्यका लागि राखिने उक्त आखेटोपहारहरू सुरक्षित एवं व्यवस्थित रूपमा राख्न आवश्यक कानून, अत्याधुनिक भवन, प्रशोधनशाला, वारकोडको प्रयोग एवं संग्राहलय निर्माण गर्नका लागि पर्याप्त बजेट उपलब्ध गराउने ।<br>• हरेक वर्ष आखेटोपहारहरूको स्थिति बारे वन तथा भू-संरक्षण मन्त्रालयले टोली गठन गरी अनुगमनबाट प्राप्त प्रतिवेदन बारेमा यस समितिलाई अवगत गराउने र सोको व्यवस्थापन दुई/दुई वर्षमा गर्ने । |

| सि.नं. | बैठक संख्या | मिति | समितिका निर्णयहरु |
|---|---|---|---|
| १६ | ७२ | २०७३/०१/१५ | • राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको विगतका कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भई आएको देखिएको र जनताबाट त्यस्ता कार्यक्रमहरूको बढ्दो माग रहेको अवस्थामा आगामी आ.ब. २०७३/०७४ को बजेट प्रस्तावित गुरूयोजनाले माग गरे बमोजिम नभई चालु आ.ब.को भन्दा निकै कम सिलिङ्ग तोकिएकोले चालु आ.ब.को भन्दा कम्तिमा ३० प्रतिशत बजेट थप गरी आगामी आ.ब.को बजेटको सिलिङ्ग कायम गरी उपलब्ध गराउन नेपाल सरकार मन्त्रिपरिषद्, राष्ट्रिय योजना आयोग, वन तथा भू-संरक्षण मन्त्रालय र अर्थ मन्त्रालयलाई समिति निर्देशन गर्दछ ।<br>• समय समयमा राष्ट्रिय वनहरूमा व्यापक रूपमा आगजनी/डढेलो समस्या बढी नै रहेकोले वन तथा भू-संरक्षण मन्त्रालयबाट तत्सम्वन्धमा हाल भइरहेका कामहरू र सो सम्वन्धमा मन्त्रालयले वहन गर्नुपर्ने जवाफदेहितालाई समेत समिक्षा गरी आगामी बजेटमा विशेष कार्यक्रमहरू जस्तैः फायरलाइन, पोखरी, ताल/तलैया आदि निर्माण गर्न वन तथा भू-संरक्षण मन्त्रालयलाई समिति निर्देशन गर्दछ । |
| १७ | ७३ | २०७३/०२/०६ | • आजको बैठकमा उठेका विषयवस्तु माथि वातावरण संरक्षण सम्वद्ध सरोकारवाला निकायहरू सँग समेत थप छलफल गर्नुपर्ने देखिएकोले त्यस्ता निकायहरूको पहिचान गरी आगामी बैठकमा तत् तत् निकायहरू समेतलाई आमन्त्रण गर्ने । |
| १८ | ७४ | २०७३/०२/०७ | • आजको बैठकमा सहरी विकास मन्त्रालयको कार्यक्रमहरू बारे माननीय मन्त्री तथा सचिवबाट समितिलाई जानकारी भयो । |
| १९ | ७५ | २०७३/०२/०९ | • आजको बैठकमा खानेपानी तथा सरसफाई मन्त्रालयको कार्यक्रमहरू बारे माननीय मन्त्री तथा सचिवबाट समितिलाई जानकारी भयो । |

| सि.नं. | बैठक संख्या | मिति | समितिका निर्णयहरु |
|---|---|---|---|
| २० | ७६ | २०७३/०२/१० | • आजको बैठकमा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम माथि छलफल गर्ने कार्य सूची रही विज्ञान तथा प्रविधि मन्त्रालयका माननीय मन्त्री श्री शिवलाल थापा र सचिव श्री गजेन्द्रकुमार ठाकुरलाई समितिको बैठकमा आमन्त्रण गरिएकोमा उहाँहरू दुवै जना विना जानकारी समितिको बैठकमा अनुपस्थित रहनु भएकोले समितिको काम कारवाहीमा वाधा पर्न गएको र सोही कारणबाट समितिको आजको बैठक स्थगित गर्नु परेकोले यसबारे आवश्यक निर्देशनका लागि सम्माननीय प्रधानमन्त्रीज्यू र मुख्य सचिवलाई जानकारी गराउने । |
| २१ | ७७ | २०७३/०२/११ | • आजको बैठकमा 'वनस्पति विभागको कार्यक्रम तथा नेपालको जडिबुटी विकासमा विभागले गरेका प्रयासहरू' का सम्वन्धमा वन तथा भू-संरक्षण मन्त्रालयका सचिव र वनस्पति विभागका महानिर्देशकबाट समिति समक्ष भएको प्रस्तुतिकरण पश्चात् सो विषयमा समितिमा व्यापक छलफल भयो । |
| २२ | ७८ | २०७३/०२/१७ | • आजको बैठकमा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रमहरू बारेमा बारे माननीय मन्त्री तथा सचिवबाट समितिलाई जानकारी भयो । |

| सि.नं. | बैठक संख्या | मिति | समितिका निर्णयहरु |
|---|---|---|---|
| २३ | ७९ | २०७३/०२/३१ | • आजको बैठकमा सदर चिडियाखानाको भावी कार्यक्रम र नीतिगत अवस्थाका बारे समितिमा व्यापक छलफल पछि देश भरिका प्राणी उद्यान सम्वन्धी व्यवस्थापन गर्न नेपाल सरकारले छुट्टै निर्देशिका ल्याए पनि देश भरिका चिडियाखानाहरूलाई व्यवस्थापन, सुदृढीकरण र नियन्त्रण समेत गर्नको लागि केन्द्रीय चिडियाखाना प्राधिकरणको कानूनी व्यवस्थाको अभाव देखिएकोले चिडियाखाना सम्वन्धी छुट्टै कानूनको व्यवस्था गर्ने विधेयक तर्जुमा गरी व्यवस्थापिका-संसदमा तीन (३) महिना भित्र पेश गर्न वन तथा भू-संरक्षण मन्त्रालय, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र नेपाल सरकार मन्त्रिपरिषद्लाई निर्देशन दिने ।<br>• ६ हेक्टर क्षेत्रफलमा फैलिएको ललितपुर, जावलाखेल स्थित सदर चिडियाखानामा हाल करिव १०४ प्रजातिका विभिन्न वन्यजन्तुहरू प्रदर्शनीमा रहेका देखिन्छन भने  हात्ति, गैडा, बाघ, भालु, हिप्पो, नीलगाई जस्ता ठूला स्तनधारी वन्यजन्तु लगायत विभिन्न प्रकारका अन्य वन्यजन्तुहरू रहेको उक्त स्थान ज्यादै साँधुरो हुन पुगेकोले सो चिडियाखानाको विस्तार (Extention) को रूपमा भक्तपुर जिल्लाको सूर्य विनायकमा विस्तार गर्न र काठमाडौं उपत्यका वाहेक उपयुक्त अन्य स्थानमा समेत चिडियाखानाको व्यवस्था गर्नका लागि कारवाही अगाडि बढाउन वन तथा भू-संरक्षण मन्त्रालय र राष्ट्रिय प्रकृति संरक्षण कोषलाई निर्देशन दिने ।<br>• नेपालका विभिन्न स्थानमा रहेको स-साना चिडियाखाना (So-called Zoo) हरूको वर्तमान अवस्था, संख्या र नियमन सम्वन्धी अवस्था बारे एक महिना भित्र जानकारी उपलब्ध गराउन वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्देशन दिने । |
| २४ | ८० | २०७३/०३/३० | • आजको बैठकमा 'समुदायमा आधारित बाढी तथा हिमताल विष्फोटन जोखिम न्यूनीकरण' का सम्वन्धमा जनसंख्या तथा वातावरण मन्त्रालयका सचिव, जल तथा मौसम विज्ञान विभागका महानिर्देशक र समुदायमा आधारित बाढी तथा हिमताल विष्फोटन जोखिम न्यूनीकरण आयोजनाका प्रमुखबाट समिति समक्ष भएको प्रस्तुतिकरण पश्चात् सो विषयमा समितिमा व्यापक छलफल भयो । |

| सि.नं. | बैठक संख्या | मिति | समितिका निर्णयहरु |
|---|---|---|---|
| २५ | ८१ | २०७३/०३/३१ | • आजको बैठकमा श्रम तथा रोजगार मन्त्रालय र जनसंख्या तथा वातावरण मन्त्रालयलाई कार्य क्षेत्रमा काम गर्ने कामदारहरूलाई प्रदूषणमुक्त वातावरणमा काम लगाएको/गराएको नदेखिएकोले स्वदेश तथा विदेशमा काम गर्ने नेपाली कामदारहरूको वास्तविक अवस्थाको स्थलगत अनुगमन गरी स्वच्छ र स्वस्थ्य वातावरणमा काम गर्ने व्यवस्था मिलाउन श्रम तथा रोजगार मन्त्रालय र जनसंख्या तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।<br>• वन तथा भू-संरक्षण उपसमितिले सर्लाही, रौतहट, बाँके, बर्दिया र कैलाली लगायतका तराई-मधेसका केही जिल्लाहरूमा भैरहेको वन अतिक्रमणको सम्वन्धमा दुईवटा भ्रमण टोलीहरू बनाई स्थलगत भ्रमण गर्ने व्यवस्था मिलाउन समितिलाई सिफारिस गरेकोमा उपसमिति र समिति सचिवालयले अनुगमन भ्रमण सम्वन्धी उपयुक्त व्यवस्था मिलाउने ।<br>• समिति सभापति र सचिवालयले समितिमा रहनु भएका माननीय सदस्य एवं कर्मचारीहरू समेतको एक भ्रमण टोली निर्माण गरी उपयुक्त समयमा कोशी टप्पु वन्यजन्तु आरक्षको वातावरणीय अवस्थाको बारेमा स्थलगत अध्ययन भ्रमण गर्ने ।<br>• मेलम्ची खानेपानी आयोजना सम्वन्धी उपसमितिको म्याद यही २०७३ साल असार मसान्तसम्म रहेकोमा अरू एक महिनाका लागि थप गर्ने । |

## ३.२ समिति अन्तर्गत गठित उपसमितिका क्रियाकलाप/गतिविधी

समितिले गठन गरेका उल्लेखित ७ वटा उपसमितिहरूबाट तोकिएको कार्यक्षेत्रभित्रको विषयमा भएका काम, कारवाहीहरू, निर्णय तथा निर्देशनहरू निम्नानुसार रहेका छन् :

### ३.२.१ वन तथा भू-संरक्षण उपसमिति

समितिको मिति २०७१ असोज ५ गतेको १५औं बैठकले यस उपसमितिको गठन गरेको थियो । यस उपसमितिले हालसम्म ९ वटा बैठक सम्पन्न गरेको र यस आ.व. मा सम्पन्न गरेका निर्णयहरू निम्नानुसार रहेका छन् :

| क्र.सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| १. | ५ | २०७२/०४/१५ | • सचिवालयमा दर्ता भएको संशोधित वन ऐन र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनलाई व्यवस्थापिका-संसदमा छलफलको लागि अगाडि बढाउन निर्देशन दिने ।<br>• वैज्ञानिक वन व्यवस्थापन सम्वन्धी तयार पारिएको प्रतिवेदन समिति समक्ष पेश गरी सार्वजनिक गर्न निर्देशन दिने ।<br>• वन वातावरणमा देखिएको चुनौतीलाई समाधान गर्न वृहत योजना निर्माण गर्न निर्देशन दिने ।<br>• राष्ट्रिय प्रकृति संरक्षण कोषको पर्यटक शुल्क वृद्धि गर्न नीति तयार गर्न निर्देशन दिने ।<br>• वन र वन्यजन्तु संरक्षण क्षेत्रमा देखापरेको समस्या र समुदायमा परेको समस्यालाई समाधान गर्न योजना निर्माणको लागि निर्देशन दिने ।<br>• उपसमितिको निर्णय समितिलाई जानकारी गराउने । |
| २. | ६ | २०७२/०७/२२ | • आजको बैठकमा वनको नीति, योजना तथा कार्यक्रम सम्वन्धमा उपसमिति भित्र व्यापक छलफल गरियो । आगामी दिनमा वन व्यवस्थापनलाई अझ बढी उत्तरदायी, पारदर्शी बनाउनका लागि सरोकारवाला, विभिन्न निकाय एवं संस्थाहरूसँग छलफल गरी वन व्यवस्थापनका सम्वन्धमा उपयुक्त कार्ययोजना बनाई कार्यान्वयन गर्ने । |
| ३. | ७ | २०७३/०१/३१ | • आज बसेको उपसमितिको बैठकमा यस अघि मिति २०७२ साल बैशाख २७ गतेको समितिको पूर्ण बैठकले २०७२ साल बैशाख १२ गते गएको महाभुकम्प तथा त्यस पछिका पराकम्पनका कारण महाविपत्तिको विशेष अवस्थालाई व्यवस्थापन गर्न आवश्यक पर्ने काठ तथा दाउराको आपूर्तिलाई सहज र सरल बनाउन मुद्दाको कारावाहीमा रहेका, टिम्वर कर्पोरेशन नेपालबाट संकलन गरिएका र चुरे क्षेत्रमा पाइने लगायतका विभिन्न जातका काठ तथा गोलियाको यथाशक्य छिटो संकलन र विक्री वितरण गरी उपयोगमा ल्याउन विशेष निर्णयका लागि वन तथा भू-संरक्षण मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिइएकोमा उक्त निर्देशन पश्चात् सो निर्देशन कार्यान्वयनको स्थिति के-कस्तो रहेको छ भन्ने सम्वन्धमा विस्तृत छलफल भयो । |

| क्र.सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| | | | • वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतका मातहतका निकायहरूमा काठ, गोलियाहरूको मौज्दात र भुकम्प प्रभावित जिल्लाहरू (क्षेत्र) लाई के-कति परिमाणमा के-कस्ता जातका काठहरू वितरण गरिएका छन र अग्नि पीडितहरूलाई के-कस्तो मापदण्डका आधारमा काठहरू उपलब्ध गराइएको छ तत् तत् जिल्ला, क्षेत्रहरूको प्रगति विवरण माग गर्ने र विद्यमान अवस्थामा वन व्यवस्थापन संरक्षण र उपभोगमा देखापरेको समस्याको समाधानको लागि हालसम्मको प्रगति विवरण र समितिले मिति २०७२/०१/२७ मा महाभुकम्प तथा त्यस पछिका पराकम्पनका कारण महाविपत्तिको विशेष अवस्थालाई व्यवस्थापन गर्न आवश्यक पर्ने काठ तथा दाउराको आपूर्तिलाई सहज र सरल बनाउन मुद्दाको कारावाहीमा रहेका, टिम्वर कर्पोरेशन नेपालबाट संकलन गरिएका र चुरे क्षेत्रमा पाइने लगायतका विभिन्न जातका काठ तथा गोलियाको यथाशक्य छिटो संकलन र विक्री वितरण गरी उपयोगमा ल्याउन विशेष निर्णयका लागि वन तथा भू-संरक्षण मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिइएका निर्देशनहरूको कार्यान्वयनको स्थितिका बारेमा भएको सम्पूर्ण प्रगति विवरण सहित वन तथा भू-संरक्षण मन्त्रालयका सचिवलाई उपसमितिको आगामी बैठकमा आमन्त्रण गर्ने । |
| ४. | ८ | २०७३/०२/२० | २०७२ साल बैशाख १२ गतेका दिन गएको विनासकारी भुकम्पबाट प्रभावित विभिन्न जिल्लाहरूमा पीडित परिवारहरूले घर निर्माण गर्नको लागि सरकारले उपलब्ध गराउने भनेको काठ उपलब्ध नभएको भनी नागरिक समाज तथा माननीय सदस्यहरूबाट समेत संसदमा सम्वन्धित मन्त्रालय र सरकारको ध्यानाकर्षण गराउने काम भएकोले उक्त सुझावको आधारमा व्यवस्थापिका-संसद वातावरण संरक्षण समितिको कार्य क्षेत्र भित्र पर्ने वन तथा भू-संरक्षण मन्त्रालयबाट काठ उपलब्ध गराउने दायित्व र जिम्मेवारी रहेको हुँदा उक्त मन्त्रालयलाई समितिबाट मिति २०७२/०१/२७ मा निर्देशन समेत दिएको र तत्पश्चात मन्त्रालयले निर्देशिका समेत जारी गरी तल्लो निकायलाई पठाएको भन्ने बारेमा यस उपसमितिको आजको बैठकमा सम्वन्धित निकायबाट जानकारी गराइकोले यस सम्वन्धमा भएको प्रगति, भुकम्पबाट पूर्ण प्रभावित १४ जिल्लालाई के-कति मात्रामा काठ उपलब्ध गराइयो र के-कति काठको आवश्यकता रहको छ ? लगत आँकडा समेतलाई हेर्न अनुमगन समिति गठन गर्ने निर्णय भएको हुँदा अनुगमनमा सहभागी हुनु हुने तपसिल वमोजिमका मा. |

| क्र.सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| | | | सदस्यहरूको नाम उपसमितिका संयोजक मार्फत समितिको बैठकमा पेश गरी अनुमोदन गराउने ।<br><br>**अनुगमन टोली नं. १**<br>**(मकवानपुर, सिन्धुली, ललितपुर)**<br>• मा. राजाराम स्याङतान (संयोजक)<br>• मा. सूर्यप्रकाश वाला राई<br>• मा. मधु शाही ठकुरी<br>• मा. मदन वहादुर अमात्य<br>• कर्मचारी एक जना<br><br>**अनुगमन टोली नं. २**<br>**(गोरखा, धादिङ, नुवाकोट, रसुवा)**<br>• मा. छमवहादुर गुरूङ (संयोजक)<br>• मा. मुक्ति प्रसाद पाठक<br>• मा. परशुराम तामाङ<br>• मा. राधिका तामाङ<br>• कर्मचारी एक जना<br><br>**अनुगमन टोली नं. ३**<br>**(दोलखा, ओखलढुङ्गा, रामेछाप)**<br>• मा. पार्वत गुरूङ (संयोजक)<br>• मा. लिला मगर<br>• मा. कमला विश्वकर्मा<br>• मा. दिलमाया धामी<br>• कर्मचारी एक जना |

| क्र.सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| | | | **अनुगमन टोली नं. ४**<br>**(सिन्धुपाल्चोक, काभ्रे, काठमाडौं, भक्तपुर)**<br>• मा. कविताकुमारी सरदार (संयोजक)<br>• मा. भिमसेन दास प्रधान<br>• मा. पुरूषोत्तम पौडेल<br>• मा. सिता लुइटेल (ज्ञवाली)<br>• कर्मचारी एक जना |
| ५. | ९ | २०७३/०३/२९ | • सर्लाही, रौतहट, बाँके, वर्दिया, कैलाली लगायतका तराई-मधेशका केही जिल्लाहरूमा भइरहेको वन अतिक्रमणको सम्वन्धमा दुईवटा भ्रमण टोलीहरू बनाई स्थलगत भ्रमण गर्ने व्यवस्था मिलाउन समितिलाई सिफारिस गर्ने ।<br>• नेपाल सरकारले हालसम्म कुन-कुन देशलाई कुन-कुन मितिमा के-कति जातका वन्यजन्तुहरू उपहार वा अन्य रूपमा हस्तान्तरण गरिएको छ र सोही प्रकृतिले नेपालले के-कति कहिले-कहिले प्राप्त गरेको छ । त्यसरी अन्य देशलाई दिइएका तथा नेपालले प्राप्त गरेका वन्यजन्तुहरूबाट थप संख्या वृद्धि भएको छ या छैन साथै तिनीहरूको हालसम्मको अवस्था के-कस्तो छ । यस सम्वन्धी विवरण वन तथा भू-संरक्षण मन्त्रालयबाट ७ दिन भित्र प्राप्त गरी समितिमा पेश गर्ने ।<br>• वन तथा भू-संरक्षण मन्त्रालयबाट हालसम्म के-कति वन्यजन्तुहरू एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गरिएको छ र सोको विद्यमान अवस्था के-कस्तो रहेको छ, संख्या सहित सोको विवरण ७ दिन भित्र वन तथा भू-संरक्षण मन्त्रालयबाट माग गर्ने ।<br>• यस उपसमितिले विभिन्न निकायहरूलाई हालसम्म दिइएका निर्देशन/निर्णयहरूको कार्यान्वयनको स्थितिको प्रगति विवरण माग गर्ने ।<br>• समितिको वार्षिक कार्य योजना बनाउन समितिलाई सिफारिश गर्ने । |

### ३.२.२ वातावरण, विज्ञान तथा प्रविधि सम्वन्धी उपसमिति

समितिको मिति २०७१ असोज ५ गतेको १५औं बैठकले यस उपसमितिको गठन गरेको हो । उपसमितिका यस आ.व. मा कुनै पनि बैठकहरू आयोजना हुन सकेका छैनन् ।

### ३.२.३ सहरी विकास उपसमिति

समितिको मिति २०७१ असोज ५ गतेको १५औं बैठकले यस उपसमितिको गठन गरेको हो । उपसमितिको गठन भए पश्चात उपसमितिका हालसम्म ४ वटा बैठकहरू सम्पन्न भएका छन् । उपसमितिका यस आ.व. मा कुनै पनि बैठकहरू आयोजना हुन सकेका छैनन् ।

### ३.२.४ चुरे संरक्षण उपसमिति

समितिको मिति २०७१ असोज ५ गतेको १५औं बैठकले यस उपसमितिको गठन गरेको हो । उपसमितिको गठन भए पश्चात उपसमितिका हालसम्म ३ वटा बैठकहरू सम्पन्न भएका छन् । उपसमितिको यस आ.व. मा कुनै पनि बैठकहरू आयोजना हुन सकेका छैनन् ।

### ३.२.५ विवाद समाधान उपसमिति

समितिमा दर्ता हुन आएका सातातिना उजुरी/गुनासा/निवेदनहरूको अध्ययन गरी समिति समक्ष सिफारिश गर्न समितिको मिति २०७२ असार ९ गतेको ५१औं बैठकले यस उपसमितिको गठन गरेको हो । यस उपसमितिले यस आ.व. मा ५ वटा बैठकहरू सम्पन्न गरी निम्नानुसारका निर्णयहरू गरेको छ :

| क्र. सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| १. | १ | २०७२/०५/२५ | • काठमाडौं जिल्ला मछेगाउँ गा.वि.स. वडा नं. ५ (ख) कि.नं. १३१, १३६ ऐ. ऐ. ४ (ख) कि.नं. ३२ तथा काठमाडौं जिलला वार्ड भञ्ज्याङ गा.वि.स. वडा नं. ३ (क) कि.नं. १०१ का जग्गा सुयल हाउजिङ कम्पनीको जग्गा भएको हुनाले निज कम्पनीले भोग चलन गर्दा वातावरणमा असर नपर्ने भएको हुंदा कम्पनीले उक्त जग्गा बेचविखन गर्न, धितो/धरौटी राख्न पाउने अधिकार समेतको जग्गा धनी दर्ता श्रेस्ता कम्पनीको नाममा कायम गरी दिन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने ।<br>• अन्नपूर्ण संरक्षण क्षेत्रको चार किल्लाका विषयमा नक्सांकन यस समितिलाई उपलब्ध गराईदिनका साथै मुस्ताङ र मनाङ जिल्लामा वन क्षेत्रले वास्तविक तथा आधिकारिक रूपमा ओगटेको क्षेत्रफल कति छ रर ती जिल्लाहरूमा वनसँग सम्वन्धित सरकारी कर्मचारीहरूको संख्या कति रहेको छ ?, सो को विस्तृत विवरण यस समितिमा यथाशक्य |

| क्र. सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| | | | छिटो उपलब्ध गराउन वन तथा भू-संरक्षण मन्त्रालय र राष्ट्रिय प्रकृति संरक्षण कोषलाई निर्देशन दिने ।<br>• भिमदत्त नगर विकास समितिले गरेका काम कारवाहीको छानविन सम्वन्धमा परेको उजुरीको विषयमा उक्त नगर विकास समितिले विगत १० वषएदेखि सम्पादन गर्दै आएका काम कारवाही सम्वन्धी सम्पूर्ण कागजातहरू लगायतका विवरणहरू यस समितिमा यथाशक्य छिटो उपलब्ध गराई दिन सहरी विकास मन्त्रालयलाई निर्देशन दिने र कागजातहरू उपलब्ध हुनासाथ निवेदक माननीय सदस्यहरूलाई आमन्त्रण गरी छलफल गर्ने ।<br>• घोराही सिमेन्ट उद्योगका सम्वन्धमा संघर्ष समितिले दिएको निवेदन उपर छलफल हुँदा उक्त विषयको दायरा फराकिलो भएकोले समितिको पूर्ण बैठकमा उद्योग मन्त्रालय, सिमेन्ट उद्योगी र संघर्ष समितिका सदस्यहरूलाई आमन्त्रण गरी छलफल गर्ने । |
| २. | २ | २०७३/०२/१६ | • ढोरपाटन शिकार आरक्षका कारण उत्पन्न समस्याहरू समाधान सम्वन्धमा वन तथा भू-संरक्षण मन्त्रालयबाट यस समस्या समाधान गर्न भएको पहल बारे विवरण पन्ध्र (१५)दिन भित्र प्राप्त हुने गरी माग गर्ने ।<br>• ओम क्रसर उद्योग मापदण्ड विपरित सञ्चालन हुँदा उत्पन्न भएको समस्या समाधान सम्वन्धमा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिबाट निवेदनको प्रतिलिपि पठाई जानकारी लिने ।<br>• प्लाष्टिक झोला उद्योग सञ्चालन सम्वन्धमा निवेदनकर्ताहरूलाई उपसमितिमा आमन्त्रण गरी छलफल गर्न २०७३ जेठ १८ गते विहान ८:०० बजे यस उपसमितिको बैठक बस्ने ।<br>• शिवम् सिमेन्ट उद्योग प्रा.लि. बाट उत्पादित प्रदुषण व्यवस्थापन सम्वन्धमा हालसम्म त्यस सम्वन्धमा के-कस्तो काम कारवाही भैरहेको छ या छैन भन्ने बारेमा उद्योग मन्त्रालय र सम्वन्धित जिल्ला प्रशासन कार्यालयसँग विवरण माग गर्ने ।<br>• अनियमिता तथा नीति कार्यान्वयन, ऐन, नियम तथा अनिवार्य निर्देशिका तर्जुमा, आवश्यक योजना कार्यक्रम, बजेट, रूट इजाजतको |

| क्र. सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| | | | व्यवस्था र सुझाव कार्यान्वयनको लागि पुनः ध्यानाकर्षण सम्वन्धमा समितिले मिति २०७२/०९/१२ गते गरेको निर्णय उल्लेख गरी हालसम्म भएको प्रगति विवरण पत्र प्राप्त भएको मितिले सात (७) दिन भित्र प्राप्त हुने गरी सम्वन्धित निकायबाट माग गर्ने ।<br>• जरायोटार, वडा नं. ३ मा अनधिकृत रूपमा संचालित क्रसर उद्योग बन्द गर्ने सम्वन्धमा निवेदनमा उद्योग संचालन भएको स्थान बारे उल्लेख नभएको हुँदा निवेदनकर्तासँग सम्पर्क स्थापित गरी स्थान बारे जानकारी प्राप्त भएपछि उपसमितिमा पेश गर्ने ।<br>• आसफाल्ट प्लान्ट सञ्चालन सम्वन्धमा बिटुमिन (अलकत्रा) प्लान्टहरूको स्थापना तथा संचालनका सम्वन्धमा रहेको नीतिगत व्यवस्थाको सम्वन्धमा उद्योग मन्त्रालयबाट र NANC लगायत ललितपुर जिल्ला भित्र संचालनमा रहेका यस प्रकारका उद्योगहरूको विद्यमान अवस्थाको विवरण ललितपुर उपमहानगरपालिकाबाट सात (७) दिन भित्र प्राप्त हुने गरी माग गर्ने र सो सम्वन्धमा भएका काम कारवाहीका बारेमा जिल्ला प्रशासन कार्यालय ललितपुरसँग विवरण माग गर्ने ।<br>• अर्नो संरक्षण सम्वन्धमा वन तथा भू-संरक्षण मन्त्रालय मार्फत सम्वन्धित निकायबाट यस समस्या सम्वन्धमा अपनाइएको उपाय बारे जानकारी लिने । |
| ३. | ३ | २०७३/०२/१८ | • आज बसेको उपसमितिको बैठकमा नेपाल प्लाष्टिक उद्योग संघका तर्फबाट समितिमा दर्ता गराएको उजुरी र त्यसबाट परेको असरका सम्वन्धमा नेपाल प्लाष्टिक उद्योग संघका प्रतिनिधिहरूको उपस्थितिमा भएको छलफल पश्चात यस सम्वन्धमा पुनः अर्को बैठकमा अन्य सरोकारवाला पक्षहरू समेत आमन्त्रण गरी थप छलफल गर्ने निर्णय भयो । |
| ४. | ४ | २०७३/०३/०२ | • आजको बैठकमा आवश्यक गणपुरक संख्या नपुगेकोले बैठक स्थगित भयो । |
| ५. | ५ | २०७३/०३/१९ | • आजको बैठकमा पुरानो बसपार्कमा २९ तले व्यापारिक भवन निर्माण गर्ने भन्ने बारेमा बागबजार सरोकार समितिले यस समितिमा दिएको |

| क्र. सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| | | | निवेदनका सम्वन्धमा काठमाडौं महानगरपालिकासँग तत् सम्वन्धी सम्पूर्ण कागजात माग गरी अध्ययन गर्ने ।<br>• नेपालको डोटी, डडेलधुरा, कैलाली र बैतडी जिल्लामा खोटो संकलनका सम्वन्धमा सम्वन्धित निकाय र नेपाल सरकारबीच भएको विवादका विषयमा यस समितिमा परेको उजुरीका बारेमा अर्को बैठकमा थप छलफल गर्ने ।<br>• आसफाल्ट प्लान्ट संचालन सम्वन्धी उजुरीका सम्वन्धमा उपयुक्त समयमा यस उपसमितिले सम्वन्धित निकायको स्थलगत अध्ययन अवलोकन गर्ने ।<br>• यस समितिमा विभिन्न समयमा परेका उजुरीहरूका सम्वन्धमा उपसमितिले विभिन्न समयमा सम्वन्धित निकायहरूबाट कागजातहरू माग गरिएका कागजातहरू हालसम्म सम्वन्धित निकायबाट उपसमितिमा उपलब्ध हुन नसकेकाले उपयुक्त विकल्प अपनाई तत्काल माग गर्ने । |

### ३.२.६ मेलम्ची खानेपानी आयोजना सम्वन्धी उपसमिति

समितिको मिति २०७२ श्रावण १४ गतेको ५७औं बैठकले यस उपसमितिको गठन गरेको हो । उपसमितिको गठन भए पश्चात उपसमितिका हालसम्म ६ वटा बैठकहरू सम्पन्न भएका छन् । उपसमितिले यस आ.व. मा निम्नानुसारका ६ वटा बैठकहरू सम्पन्न गरी निम्नानुसारका निर्णयहरू गरेको छ :

| क्र. सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| १. | १ | २०७२/०४/१५ | • उपसमितिको काम, कर्तव्य र अधिकार सहितको ३ महिना सम्मको अवधिमा उपसमितिले गर्नुपर्ने कार्ययोजना बनाउने ।<br>• मेलम्ची खानेपानी विकास समितिमा मेलम्ची खानेपानी आयोजना सम्वन्धी विस्तृत विवरण शुरूदेखि हालसम्मको कार्यप्रगतिको प्रतिवेदन मगाउने ।<br>• उपसमितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो । |

| क्र. सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| २. | २ | २०७२/०४/२२ | • आगामी बैठकमा विस्तृत रूपमा मेलम्ची खानेपानी आयोजनाका सम्वन्धमा समिति समक्ष प्रस्तुतीकरणका लागि मेलम्ची खानेपानी विकास समितिलाई आमन्त्रण गर्ने । |
| ३. | ३ | २०७२/०६/११ | • आजको बैठकमा मेलम्ची खानेपानी आयोजनाको हालसम्मको कार्य प्रगति र आयोजनालाई छिटो सम्पन्न गर्नका लागि गरिएका प्रयासहरूका सम्वन्धमा प्रस्तुतीकरण भई छलफल भयो । |
| ४. | ४ | २०७२/०६/१७ | • आजको बैठकमा भएको व्यापक छलफल पश्चात् मेलम्ची खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय र काठमाडौं उपत्यका खानेपानी लिमिटेडका प्रवन्धकहरूबाट यस सम्वन्धमा थप जानकारी लिन उपसमितिको आगामी बैठकमा तत् तत् निकायहरूलाई आमन्त्रण गर्ने निर्णय भयो ।<br>• समितिको ५७औं बैठकबाट म्याद थप भई यस उपसमितिलाई दिइएको जिम्मेवारी अनुसार कार्य गर्दा गर्दै पनि आयोजनाको हालसम्मको कार्य प्रगति, आयोजनाको कार्य योजना, आयोजनाको स्थलगत अध्ययन, आयोजनाका समस्या तथा समाधानका उपाय लगायतका विषयमा अध्ययन गरी समिति समक्ष प्रतिवेदन पेश गर्न  निर्धारित ३ महिनाको समय अपुग भएकोले २०७३ साल असार मसान्तसम्म म्याद थप गर्न समिति समक्ष अनुरोध गर्ने । |
| ५. | ५ | २०७३/०१/२२ | • आज बसेको उपसमितिको बैठकमा मेलम्ची खानेपानी आयोजनाको आजसम्मको प्रगति विवरणको बारेमा सम्वन्धित निकायबाट उपसमितिलाई जानकारी गराइयो । साथै आयोजनाको भावी कार्यक्रम र प्रगतिका बारेमा आगामी बैठकमा थप छलफल गर्ने गरी आजको बैठक स्थगित भयो । |
| ६. | ६ | २०७३/०३/२९ | • मेलम्ची खानेपानी आयोजनाको अध्ययन अनुगमन गरी प्रतिवेदन पेश गर्न उपसमितिलाई २०७३ असार मसान्तसम्म म्याद तोकिएकोमा आयोजनाको स्थलगत भ्रमण समेत गरी आयोजनाका विद्यमान समस्या र समाधानका उपायहरू पहिल्याउदै गरिएको साथै आयोजना सम्पन्न हुने दिन नजिकिंदै |

| क्र. सं. | बैठक संख्या | मिति | उपसमितिका निर्णयहरु |
|---|---|---|---|
| | | | गरेकोले आइपर्ने अनेकौं खालका समस्याहरूलाई समाधानार्थ सहजीकरणको भूमिका समेत यस उपसमितिले खेलिरहनु पर्ने भएकोले आयोजना सम्पन्न नभएसम्मको लागि उपसमितिको म्याद थप गर्न समिति समक्ष प्रस्ताव गर्ने । |

### ३.२.७ रणनीति तयारी उपसमिति

समितिको मिति २०७२ माघ ११ गतेको ६६औं बैठकले यस उपसमितिको गठन गरेको हो । उपसमितिका यस आ.व. मा कुनै पनि बैठकहरू आयोजना हुन सकेका छैनन् ।

# भाग-४

# स्थलगत अवलोकन भ्रमण सम्वन्धी प्रतिवेदनहरू

यस समितिले आर्थिक वर्ष २०७२।०७३ मा गरेका दुई वटा स्थलगत अवलोकन भमण सम्वन्धी प्रतिवेदनहरू देहाय वमोजिम संलग्न गरिएको छ :

## ४.१ वन्यजन्तुको आखेटोपहारको अनुगमन तथा निरीक्षण सम्वन्धी प्रतिवेदन, २०७२

### ४.१.१ सामान्य जानकारी

व्यवस्थापिका-संसद, वातावरण संरक्षण समिति अन्तर्गत गठित वन तथा भू-संरक्षण उपसमितिले चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गत सशस्त्र वन रक्षक तालिम केन्द्र, टिकौली र चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा भण्डारण गरिएको वन्यजन्तुको आखेटोपहारहरूको अवस्थाको मिति २०७२ चैत्र ६ गते स्थलगत अनुगमन तथा निरीक्षण गरेको छ ।

नेपालमा वन्यजन्तु अपराधमा पक्राउ परी जफत गरिएका तथा प्राकृतिक रूपमा मृत्यु भएका वन्यजन्तुहरूका समेत आखेटोपहारको भण्डारण नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतका निकायहरूमा हुने गरेको र संकलित वन्यजन्तुका आखेटोपहार मध्ये केही अध्ययन अनुसन्धान गर्ने प्रयोजनको लागि मान्यता प्राप्त संग्रहालयमा तथा केही भण्डारण तथा विभिन्न मुद्दा मामिलाका प्रयोजनार्थ सशस्त्र वन रक्षक तालिम केन्द्र, टिकौली र केन्द्रीय भण्डारण चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा जम्मा गरिएको पाईयो ।

जम्मा गरिएका उक्त आखेटोपहारहरू लामो समयसम्म भण्डारण गरिदा तिनको सुरक्षा गर्न समेत समस्या पर्ने महसुस गरी नेपाल सरकारले वन्यजन्तु आखेटोपहार व्यवस्थापन सम्वनधी कार्यविधि, २०७२ जारी गरेको अवस्थामा हाल ती निकायहरूमा के-कस्तो अवस्था र प्रकृतिका आखेटोपहार संकलन भएका छन र तिनलाई कसरी व्यवस्थापन गर्न सकिन्छ तथा अत्यावश्यक भएको खण्डमा धुल्याउने समेत प्रयोजनका लागि कस्तो निर्णय निर्देशन दिने भन्ने अभिप्रायले यो स्थलगत अुनगमन तथा निरीक्षण भएको हो ।

उपर्युक्त स्थलगत अनुगमन तथा निरीक्षण कार्यका लागि वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, चितवन राष्ट्रिय निकुञ्ज कार्यालय समेत संलग्न रही यस उपसमिति/समितिमा रहनु भएका निम्न माननीय सदस्यहरू र समितिका कर्मचारीहरू समेतको संलग्नता रहेको थियो ।

मा. श्री जनकराज चौधरी - समिति सभापति

मा. श्री राजाराम स्याङतान -वन तथा भू-संरक्षण उपसमिति संयोजक

मा. श्री गणेशप्रसाल विमली

मा. श्री दिलमाया धामी

मा. श्री दिलिप खवास गच्छदार

मा. श्री परशुराम तामाङ

मा. श्री पार्वत गुरूङ

मा. श्री पुरूषोत्तम पौडेल

मा. श्री मिठु मल्ल

मा. श्री लिला मगर

सहसचिव डा. रवि शर्मा अर्याल

खरिदार श्री रविन अधिकारी

### ४.१.२. भ्रमणको उद्देश्य

- नेपाल सरकारले वन्यजन्तुको आखेटोपहार व्यवस्थापन सम्वन्धी कार्यविधि जारी गरेको सन्दर्भमा आखेटोपहारको हालको अवस्था, परिमाण र आवश्यक व्यवस्थापन कार्यमा समिति/उपसमितिको भूमिका ।
- समिति/उपसमितिले दिएका निर्णय तथा निर्देशनको कार्यान्वयन भए नभएको अनुगमन गर्ने,
- उपर्युक्त व्यवस्थापनका उपायहरूको खोजी गरी राय सुझावहरू पेश गर्ने ।

### ४.१.३. भ्रमणको कार्यविधि

चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गत सशस्त्र वन रक्षक तालिम केन्द्र, टिकौली र केन्द्रीय भण्डारण केन्द्र, कसरामा स्थलगत अवलोकन, छलफल तथा अन्तरक्रिया ।

### ४.१.४. निष्कर्ष तथा सुझाव

वातावरण संरक्षण समितिका सभापति श्री जनकराज चौधरीको नेतृत्वमा गएको संसदीय टोलीले मिति २०७२/१२/०६ गते सशस्त्र वन रक्षक तालिम केन्द्र, टिकौली र चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा भण्डारण गरिएको आखेटोपहारहरू (वन्यजन्तुहरूको अंग प्रत्यङ्ग) को अवलोकन तथा तथा अन्तरक्रिया पश्चात् वन तथा भू-संरक्षण मन्त्रालयलाई निम्न कार्यहरू गराउन समितिमा छलफल गरी निर्देशन दिन आवश्यक देखिन्छ :

- स्थलगत भ्रमणका क्रममा अवलोकन गर्दा सवै ठाउँमा आखेटोपहारहरू व्यवस्थित ढंगसँग राख्न नसकेको र व्यवस्थापन गर्न भनिएका आखेटोपहारहरूको स्थलगत रूपमा संरक्षण गरी छुट्टाउन नसक्ने अवस्थामा राखीएको पाइएकोले उक्त आखेटोपहारको व्यवस्थापन गर्नु पूर्व  सडिगली रहेका वाहेक तिनीहरूको संख्या, तौल वा आकारहरू समेत खुल्नु पर्ने र सो बमोजिम प्राविधिक टोलीले उक्त वस्तुहरूलाई छुट्टाई व्यवस्थापन गर्नु पर्ने ।
- वन तथा भू-संरक्षण मन्त्रालयबाट गठित आखेटोपहारको स्थलगत अध्ययन तथा निरीक्षण सिफारिस समितिले पेश गरेको प्रतिवेदनमा उल्लेखित सम्पूर्ण आखेटोपहारको संख्यागत रूपमा र केहीको तौल उल्लेख गरेको पाइएता पनि छालाको आकार, तौल र अवस्था बारे प्रष्ट उल्लेख नभएकोले कुन कुन आखेटोपहारलाई कुन कुन तरिकाले व्यवस्थापन गर्ने हो ? सो प्रष्ट खुल्न नसकेकोले खुलाई व्यवस्थापन गर्नु पर्ने ।
- मौजुदा आखेटोपहारहरू मध्ये प्राविधिक एवं वैज्ञानिक दृष्टिकोणले भविष्यको लागि सुरक्षित राख्नु पर्ने आखेटोपहार,विचाराधीन मुद्दामा रहेको आखेटोपहार, वैज्ञानिक अनुसन्धानका लागि आवश्यक आखेटोपहार, नमुनाका लागि सुरक्षित गर्न आखेटोपहारहरूलाई वन तथा भू-संरक्षण मन्त्रालयले सुरक्षित राख्ने गरी दिगो व्यवस्थापन गर्ने र अन्य आखेटोपहारको हकमा वारकोडको प्रयोग गरी पारदर्शितापूर्वक औचित्यताको आधारमा मन्त्रालयले यकिन गरी नष्ट गर्ने लगायतका आवश्यक व्यवस्थापन गर्ने र सोको बारेमा सम्वन्धित निकायहरूलाई पारदर्शिताको लागि मिति बारे जानकारी गराउने ।

- आखेटोपहार व्यवस्थापन गर्दा औचित्यता र आवश्यकताको आधारमा निर्णय गरी राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, राष्ट्रियस्तरका संग्रालय, प्राकृतिक संग्रालय सिंहदरवार वैद्यखाना, लगायतका राष्ट्रियस्तरका शैक्षिक, वैज्ञानिक निकाय एवं अन्तराष्ट्रियस्तरका शैक्षिक तथा वैज्ञानिक निकायहरूलाई शैक्षिक, अनुसन्धान, धार्मिक एवं वैज्ञानिक प्रयोगमा लगाउनको लागि सरकारले जैविक विविधता संरक्षणमा नकरात्मक प्रभाव नपर्ने गरी राष्ट्रिय र अन्तराष्ट्रिय कानुन विपरित नहुने गरी उपलब्ध गराउने र सोको प्रयोग बारे अनुगमन गर्ने ।
- हाल व्यवस्थापन गर्न छुट्टाइएका आखेटोपहारहरू मध्ये सडिगली रहेका/गएका वा काम नलाग्ने आखेटोपहारहरू प्राविधिकहरूको टोलीद्वारा एकिन गरी सुरक्षित रूपमा नष्ट गर्ने ।
- नेपाल सरकारले राम्रो अवस्थामा रहेका आखेटोपहार मध्ये विभिन्न उद्देश्यका लागि राखिने उक्त आखेटोपहारहरू सुरक्षित एवं व्यवस्थित रूपमा राख्न आवश्यक कानून, अत्याधुनिक भवन, प्रशोधनशाला, वारकोडको प्रयोग एवं संग्राहलय निर्माण गर्नका लागि पर्याप्त बजेट उपलब्ध गराउने ।
- हरेक वर्ष आखेटोपहारहरूको स्थिति बारे वन तथा भू-संरक्षण मन्त्रालयले टोली गठन गरी अनुगमनबाट प्राप्त प्रतिवेदन बारेमा यस समितिलाई अवगत गराउने र सोको व्यवस्थापन दुई/दुई वर्षमा गर्ने ।

मा. जनकराज चौधरी

समिति सभापति

## ४.२ अन्नपूर्ण संरक्षण क्षेत्रको स्थलगत अवलोकन भ्रमण सम्वन्धी प्रतिवेदन, २०७३

### ४.२.१. पृष्ठभूमि

व्यवस्थापिका-संसद, वातावरण संरक्षण समिति अन्तर्गत गठित वन तथा भू-संरक्षण उपसमितिले राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तर्गत व्यवस्थापन भएको अन्नपूर्ण संरक्षण क्षेत्रको मिति २०७३ बैशाख ५ गतेदेखि मिति २०७३ बैशाख १० गतेसम्म स्थलगत अनुगमन तथा निरीक्षण गरेको छ ।

२०४९ सालमा स्थापित अन्नपूर्ण संरक्षण क्षेत्र ७,६२९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको नेपालकै सवैभन्दा ठूलो संरक्षित क्षेत्र हो । नेपालका ५ जिल्ला मनाङ्ग, मुस्ताङ्ग, कास्की, म्याग्दी र लम्जुङ्गका ५७ गाँउ विकास समितिहरूमा फैलिएको र मुस्ताङ्ग जिल्लाको १६ वटै गा. वि. स यसै अन्तर्गत पर्दछन ।

प्राकृतिक रूपमा पर्याप्त वनजंगलहरू, विभिन्न प्रकारका वन्यजन्तुहरू, विभिन्न भौगोलिक विविधता, रहनसहन, पर्याप्त जैविक विविधता यस क्षेत्रको मुख्य आकर्षण भएकोले नेपालको प्रमुख पर्यटकीय पद मार्गको रूपमा पनि यस क्षेत्र विश्वमा नै प्रख्यात रहेको पाइन्छ ।

उपर्युक्त स्थलगत अनुगमन तथा निरीक्षण कार्यका लागि राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र (ACAP) समेत संलग्न रही यस उपसमिति/समितिमा रहनु भएका निम्न माननीय सदस्यहरू र समितिका कर्मचारीहरू समेतबाट अनुगमन कार्यमा संलग्नता रहेको थियो ।

मा. श्री जनकराज चौधरी - सभापति
मा. श्री राजाराम स्याङतान - संयोजक
मा. श्री गणेशप्रसाद विमली
मा. श्री सरिता प्रसाई
मा. श्री परशुराम तामाङ
मा. श्री कमला विश्वकर्मा
मा. श्री रेशम वहादुर लामा
मा. श्री छमवहादुर गुरूङ्ग
डा. रवि शर्मा अर्याल
उपसचिव श्री वंशीराज पौडेल
खरिदार श्री रविन अधिकारी

### ४.२.२. भ्रमणको उद्देश्य

- अन्नपूर्ण संरक्षण क्षेत्र भित्र रहेको जैविक विविधताहरूको संरक्षण तथा विकासका कार्यहरू स्थलगत अनुगमन गर्ने ।
- उक्त क्षेत्रले ओगटेको प्रमुख पर्यटकीय स्थलहरूमा भएको वातावरण संरक्षणको चेतना मुलक कामहरूको निरीक्षण गर्ने ।
- स्थानीय निकायका प्रतिनिधिहरूसँग ACAP ले आयोजना गरेका कार्यहरूको बारेमा अन्तरक्रिया गरि जानकारी लिने ।

- पर्यटन उद्योग प्रवर्द्धनका लागि सम्वद्ध क्षेत्रका व्यक्तित्वहरूसँग अर्न्तक्रियात्मक छलफल गर्ने ।

- स्थानीय महिला संजाल (आमा समूह, महिला समूह), यूवा क्लवसँग स्थानीय क्षेत्रको सरसफाई, पर्यावरण जोगाउन र पर्यटन प्रवर्द्धनमा ACAP सँगको सहकार्यका बारेमा छलफल गर्ने ।

### ४.२. ३ भ्रमणको कार्यविधि

- अन्नपूर्ण संरक्षण क्षेत्रले ओगटेको ५ जिल्ला र ५७ गा.वि.सहरूले पर्यटन प्रवर्द्धनका लागि उक्त क्षेत्रमा सहकार्य गर्दै आएको ACAP ले त्यहाँ पुर्‍याएको सहयोग, संरक्षण र विकासका गतिविधिका बारेमा स्थलगत अध्ययन, अनुगमन गर्ने ।

- उपर्युक्त कार्यका बारेमा भए गरेका प्रगति एवं आगामी दिनहरूमा उक्त आयोजनाले सम्पादन गर्नु पर्ने कार्यका बारेमा सुझाव दिने ।

- राज्यको राजश्व अभिवृद्धिमा पर्यटन उद्योगको अग्रणी भूमिका रहने भएकोले राज्यको तर्फबाट उक्त प्रयोजनका लागि वार्षिक रूपमा छुट्टाउनु पर्ने बजेटका बारेमा छलफल गर्ने ।

- ACAP र स्थानीय समुदायबीच विद्यमान अवस्थाका बारेमा एक आपसमा समन्वय र सहकार्यको बारेमा जानकारी लिने ।

### ४.२.४ भ्रमणका क्रियाकलापहरु

- व्यवस्थापिका-संसदको वातावरण संरक्षण समितिका सभापति मा. श्री जनकराज चौधरीको नेतृत्वमा गएको ८ सदस्यीय संसदीय टोलीले मिति २०७३/०१/०५ गते अन्नपूर्ण संरक्षण क्षेत्रले ओगटेको ५ जिल्ला मुस्ताङ, मनाङ, कास्की, म्याग्दी र लम्जुङ जिल्ला र मुस्ताङका ५७ गा.वि.स.हरूमा पर्यटन प्रवर्द्धनका लागि सो ACAP ले गरेको कार्य, संरक्षण र विकासका गतिविधिका बारेमा स्थलगत अनुगमन गरियो ।

- कास्की जिल्लाको पोखरा उपमहानगरपालिकामा रहेको राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तर्गतको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको प्रधान कार्यालयका आयोजना प्रमुख श्री लालप्रसाद गुरूङ्गबाट उक्त आयोजनाले सम्पादन गरेका कार्यक्रमहरू र त्यहाँबाट पर्यटन प्रवर्द्धन एवं जैविक विविधता संरक्षण सम्वन्धमा भएका गतिविधिहरूको बारेमा प्रस्तुतिकरण गर्नु भयो सो प्रस्तुतिकरणमा ब्यापक छलफल तथा अन्तरक्रिया गरी संरक्षण क्षेत्रको गतिबिधी, अबस्था तथा समस्या र चुनौतिका बारेमा जानकारी लिइयो ।

- सोही दिनबाट संसदीय अनुगमन टोलीमा रहनु भएका पदाधिकारीहरूबाट अन्नपूर्ण संरक्षण क्षेत्रको स्थलगत अनुगमन प्रारम्भ गरी उक्त दिन कास्की जिल्लाको धम्पुस गा.वि.स. मा पुगी मुकाम कायम गरेको ।

- २०७३ बैशाख ६ गते विहान धम्पुस स्थित स्थानीय सरोकारवालाहरूसँग पर्यटन प्रवर्द्धन, भू-संरक्षण, जैविक विविधता लगायतका विषयहरूमा छलफल गरी त्यहाँबाट स्थलमार्ग हुँदै अनुगमन सम्वन्धी

जानकारी एवं तत् सम्वन्धी विषयमा ACAP ले पुऱ्याएको सहयोग र सहकार्यका बारेमा जानकारी लिदैं मुस्ताङ जिल्लामा रहेको कागवेनी क्षेत्रसम्मको स्थलगत भ्रमण कार्य पुरा गरेको ।

- २०७३ बैशाख ७ गते कागवेनी क्षेत्रमा भएका गतिविधिका बारेमा अनुगमन गरी मुक्तिनाथ क्षेत्र भित्र रहेको विभिन्न गुम्बाहरू, मठमन्दिरहरूका बारेमा स्थानीय सरोकारवाला निकायहरूसँग छलफल गरी जानकारी लिई मध्यान्ह मुस्ताङ जिल्लाको छुसाङ्ग गा.वि.स. मा पुगी पर्यटकहरूलाई उक्त क्षेत्रको भ्रमणका लागि तोकिएको पदमार्गको बारेमा जानकारी लिई सोही दिन लोमान्थाङ्ग गा.वि.स. सम्मको स्थलगत कार्य पुरा गरेको ।

- २०७३ साल बैशाख ८ गते विहान उक्त क्षेत्रको विभिन्न गुम्बाहरू, गुफाहरूमा पर्यटकहरूको अभिरूची तथा उनीहरूलाई स्थानीय तहबाट उपलब्ध सहयोग तथा समन्वयमा स्थानीयहरूबाट सेवा प्रवाहका बारेमा जानकारी लिदैं नेपाल चीन सीमा नाका कोरला क्षेत्रको स्थलगत अनुगमन कार्य गरी सोही दिन दिउँसो लोमान्थाङ्ग स्थित विभिन्न क्षेत्रका सरोकारवाला प्रतिनिधिहरूसँग समग्र पर्यटन प्रवर्द्धन, स्थानीय क्षेत्रको समस्या सम्वन्धमा जानकारी लिइ, भविष्यमा गर्नुपर्ने सबै प्रकारका कार्यहरूको बारेमा अनुगमन एवं निर्देशन दिइएको, स्थानीयहरूको उपस्थितिमा लोमन्थाङ्ग (उपल्लो मुस्ताङ) क्षेत्रका समुदायले गरेका पर्यटन प्रवर्द्धन सम्वन्धी कार्यहरूका बारेमा स्थानीय एवं विभिन्न संघ संस्था, अन्य निकायका प्रतिनिधिहरूको वृहत भेला आयोजना गरी उक्त भेलाले वातावरण संरक्षण समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना समेतको भेटघाट एवं छलफल कार्यक्रममा उक्त क्षेत्रको हरियाली बढाउन, स्वास्थ सेवा, वन्यजन्तु र घरपालुवा जनवारले गर्ने क्षति न्यून गर्न, राहत रकम बढाउन, सरसफाई बढाउन, कोरला नाका खोल्न र उपल्लो मुस्ताङ्गमा आउने पर्यटकबाट उठ्ने पर्यटन विशेष शुल्क यसै क्षेत्रमा खर्च गर्ने व्यवस्थाका लागि पहल गर्न माग गरिएको, छलफलका क्रममा उठेका विषय वस्तुहरूलाई गम्भिरताका साथ लिई कार्यन्वयनका लागि पहल गर्ने निर्णय गरिनुका साथै गा.वि.स. तथा जि.वि.स. सँग विकास निर्माण सम्वन्धमा संरक्षण क्षेत्र व्यवस्थापन समिति, स्थानीय जनप्रतिनिधिले पहल गर्ने निर्णय गरेको ।

  उक्त दिनको छलफल पश्चात् संसदीय अनुगमन टोली सो क्षेत्रबाट अनुगमन कार्यलाई निरन्तरता दिदैं स्थलमार्ग हुँदैं मुस्ताङ जिल्लाको जोमसोम तर्फ प्रस्थान गरी स्थलगत अनुगमन कार्य पुरा गरेको ।

- मिति २०७३ साल बैशाख ९ गते बिहान नेपालको रमणीय पर्यटकीय स्थलको रूपमा रहेको रूप्से झरना तथा विश्वकै सवैभन्दा गहिरो स्थानमा रहेको ऐतिहासिक आन्ध गल्छीको समेत अनुगमन कार्य गरी सोही दिन घोरेपानीसम्मको स्थलगत कार्य पुरा गरेको ।

- मिति २०७३ साल बैशाख १० गते बिहान सोही जिल्लामा अवस्थित प्रमुख पर्यटकीय स्थलको रूपमा रहेको ३,२१० मिटरको उचाईमा अवस्थित पुनहिल क्षेत्रको अनुगमन गरी विभिन्न मुलुकहरूबाट उक्त

स्थानमा अवलोकनार्थ आएका अतिथिहरूसँग त्यहाँको वसोवास व्यवस्था, सहयोग र तत् क्षेत्रमा गरिनु पर्ने सुधारहरूका बारेमा समेत जानकारी लिनुका साथै स्थानीय पर्यटन व्यवसायीहरू, आमा समूह, विभिन्न पेशा र दलसँग आवद्ध व्यक्तित्वहरूसँग पर्यटन प्रवर्द्धनका सम्वन्धमा देखिएका चुनौतीहरू समाधानका उपायहरूका बारेमा होटल व्यवसायीहरू समेत सँग विस्तृत अर्न्तक्रियात्मक छलफल गरी सोही दिन अनुगमन सम्वन्धी कार्य सम्पन्न गरी संसदीय टोली काठमाडौं प्रस्थान गरेको ।

## ४.२.५ सुझाव तथा निष्कर्षहरु

उल्लेखित विषय वस्तुको परिधि भित्र रही संसदीय अनुगमन टोलीले राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तर्गत रहेको अन्नपूर्ण संरक्षण क्षेत्रले चर्चेको कास्की, लम्जुङ्ग, मनाङ्ग, म्याग्दी जिल्लाको केही भू-भाग र मुस्ताङ जिल्लाको सम्पूर्ण भू-भाग गरी ५७ गा.वि.स.हरूमा संचालित पर्यटन प्रवर्द्धनका लागि गरेका गतिविधिहरू तथा त्यसबाट प्राप्त नतिजा समेतलाई विश्लेषण गरी देहायको निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छः

**पर्यटन सम्वन्धी**

- संसदीय अनुगमन टोलीले उक्त मितिहरूमा सम्पन्न गरेको स्थलगत अनुगमनका क्रममा अन्नपूर्ण संरक्षण क्षेत्र भित्र प्रवेश अनुमति लिई अवलोकनार्थ गएका पर्यटकहरूलाई गन्तब्य स्थलसम्म आवतजावत गर्नका लागि तोकिएको पद मार्ग प्रयोग गरे नगरेको सम्वन्धमा निगरानी गर्नको लागि र पर्यटकहरूका लागि उक्त क्षेत्रमा आवश्यक पूर्वाधार एवं वसोवासका लागि निश्चित स्थानको तय हुनु पर्ने । साथै म्याग्दी जिल्लामा रहेको तातोपानी, मुस्ताङ जिल्लामा रहेको कागबेनी र मुक्तिनाथ क्षेत्रलाई व्यवस्थित धार्मिक/पर्यटकीय स्थलको रूपमा विकास गरी सो स्थानमा सरकारले आवश्यकता अनुसार धर्मशालाहरू निर्माण गर्नुपर्ने ।

- अन्नपूर्ण संरक्षण क्षेत्रको विभिन्न पर्यटकीय स्थानमा स्वास्थ्य जाँच गर्ने व्यवस्थाका लागि १ अहेव सहितको उपस्वास्थ्य चौकी व्यवस्था हुनुपर्ने ।

- पर्यटन प्रवर्द्धनमा पर्यटकहरूको आकर्षणका लागि पद मार्गहरूमा नेपालको विविधता झल्कने पोस्टर, पम्पलेट, व्यानरहरू राखिन उपयुक्त हुने र  तत्काल वैकल्पिक पदमार्गको सर्भे गरी कार्यान्वयनमा ल्याउनु पर्ने ।

- हाल संरक्षण क्षेत्र प्रवेश शुल्क तथा दस्तुरको रूपमा पर्यटकहरूबाट लिइदै आएको दस्तुरमा समयानुकुल पुनरावलोकन गर्न वन तथा भू-संरक्षण मन्त्रालय निर्देशन दिन आवश्यक देखिएको ।

- हाल संरक्षण क्षेत्र प्रवेश शुल्कको रूपमा पर्यटकहरूबाट लिइदै आएको दस्तुरमा समयानुकुल पुनरावलोकन गर्न आवश्यक देखिएको । अन्नपूर्ण संरक्षण क्षेत्र भित्र रहेको (उपल्लो मुस्ताङ) लोमन्थाङ्ग क्षेत्रको गृह मन्त्रालयको अध्यागमन विभाग मार्फत प्रवेश अनुमति लिई जाने पर्यटकहरूलाई हाल उठाउदै आएको प्रति व्यक्ति ५०० डलर प्रवेश शुल्क वापत उठाइएको शुल्कको ५० प्रतिशतसम्म रकम सम्वन्धित निकायले राष्ट्रिय प्रकृति संरक्षण कोष मार्फत मुस्ताङ जिल्लामा पर्यटन विकास,सास्कृतिक सम्पदा संरक्षण, जैवीक

विविधता संरक्षण तथा स्थानीय विकासमा लगाउने व्यवस्थाका लागि गृह तथा अर्थ मन्त्रालयलाई निर्देशन दिन उपयुक्त हुने ।

- पर्यटकहरूले प्रयोग गर्ने पद मार्गमा हाल आएर गोरेटो घोडेटो बाटोलाई यातायात मार्गको रूपमा समेत प्रयोग गरेको कारण ती मार्गहरू वर्षा याममा पहिरो गई आवागमनमा समेत अवरोध हुन जाने तथा त्यसबाट वातावरणमा पनि प्रत्यक्ष असर पर्ने र पर्यटकहरूमा नकारात्मक प्रभाव परेको देखिएकोले ACAP को सक्रियतामा अन्य सरोकारवाला निकायसँग समन्वय गरी वैकल्पिक पदमार्गको निर्माण गर्नुपर्ने ।

- उपल्लो मुस्ताङमा मुस्ताङे राजाको दरवार परिसर भित्र रहेका सदियौंदेखि निर्माण गरी राखेको ऐतिहासिक गुम्बा, गुम्बा भित्र रहेका मुर्ति पोस्तक, थांका, धार्मिक बुद्धिष्ट बुद्धले प्रयोग गर्दै आएका अन्य धार्मिक सामानहरू अति महत्वको रूपमा  रहेको सामाग्रीहरू यत्रतत्र छरिएर लाथालिङ्ग अवस्थामा रहेकोले सोको संरक्षणमा सरकारको पूर्ण दायित्व रहने गरी सामाग्रीको तथ्यांक रेकर्ड समेत राख्न नेपाल सरकारलाई सुझाव दिने ।
- उपल्लो मुस्ताङमा लोमन्थाङदेखि उत्तर तर्फ निर्माणाधिन रहेका ऐतिहासिक धरोहर भएका गुम्बालाई समेत संरक्षण गर्ने र लोमन्थाङ क्षेत्र भित्रको मठमन्दिर, धार्मिक क्षेत्रमा पूर्ण सरसफाई गरी वातावरणीय मैत्री स्थलको रूपमा झल्कने गरी संरक्षण गर्न पर्यटन मन्त्रालयलाई निर्देशन दिने ।

**वातावरण तथा भू-संरक्षण सम्वन्धी**

स्वस्थ वातावरण र उचित सरसफाई नभएमा पर्यटन प्रवर्द्धनमा प्रत्यक्ष असर पर्न जाने भएकोले अन्नपूर्ण संरक्षण क्षेत्र भित्र हाल देखिएको वन जंगल अतिक्रमण, भू-स्खलन आदिका कारण आउने समस्या आउन नदिन वृक्षारोपण कार्यलाई तिव्र गति प्रदान गरी वन जंगलको संरक्षण र सम्वर्द्धन गर्न उपयुक्त देखिएको साथै भू-स्खलनका कारण प्राकृतिक सम्पदाहरू समेत नष्ट भई पर्यावरणमा समेत गम्भिर असर पर्न जाने देखिएकोले त्यस्ता स्थानहरूको पहिचान गरी तत्काल संरक्षण गर्नुपर्ने । यसका अतिरिक्त पर्यटकहरूले प्रयोग गरेका खाद्य वस्तु लगायत अन्य फोहोर संकलन गरी व्यवस्थापन गर्नका लागि आवश्यक कार्य गर्नुपर्ने जसका कारण संरक्षण क्षेत्रमा उत्पन्न वातावरणीय प्रभाव न्यून गर्न सहयोग पुर्‍याउन कार्यमा स्थानीय आमा समूहको अहम् भूमिका रहेकोले सो समूहलाई थप प्रोत्साहित गर्नुपर्ने । यसका अतिरिक्त मुस्ताङ्ग जिल्लाको माथिल्लो लेक भागबाट कालिगण्डकी नदीले वर्षेनी वालुवा, गिटी, ढुङ्गाहरू बगाएर ल्याई वगरको क्षेत्रको उचाई वृद्धि हुन गई जलप्रवाह मार्ग (खोला) र स्थानीय जनताको बसोबास र कृषि योग्य जमिन क्षेत्रलाई समेत त्यसले प्रभावित तुल्याएकोले त्यस तर्फ शीघ्रती शीघ्र व्यवस्थापन गर्न आवश्यक देखिएको अन्यथा त्यसबाट वातावरण एवं ठूलो मात्रामा जनधनको क्षति समेत हुन जाने देखिन्छ । यसका साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयले माथिल्लो तटीय क्षेत्रमा भू-संरक्षणको विशेष कार्यक्रम गर्ने र तल्लो तटीय क्षेत्रमा बगरको गिट्टी, ढुङ्गा र वालुवा व्यवस्थापन गर्ने । साथै वातावरणमा असर

पुऱ्याउने कार्य जस्तैः हाइड्रोपावर सम्वन्धी कार्य संरक्षण क्षेत्र भित्र गर्नु पर्दा कानून बमोजिम IEE तथा EIA गरेर मात्र लागू गर्नुपर्ने ।

**भूमि व्यवस्थापन सम्वन्धी**

संसदीय अनुगमन समितिले अनुगमनका क्रममा अन्नपूर्ण संरक्षण क्षेत्र भित्रका अधिकांश सरकारी सार्वजनिक जग्गाहरू खासगरी मुस्ताङ्ग जिल्लाको ताङ्दे लगायतका विभिन्न स्थानहरूमा स्थानीय व्यक्तिहरूले अतिक्रमण गरी आफू अनुकूल पर्खाल समेत लगाई भोगचलन गर्नुका साथै मूल्यवान स्थान वरपर समेत वसोवास, कृषि उपज लगायत व्यक्तिगत रूपमा समेत प्रयोग गरेको र सहकारी लगायतका संघ संस्थाहरूद्वारा पनि त्यस्तो अतिक्रमित जग्गाहरू प्रयोग गर्नेहरूलाई ऋण प्रवाह गर्ने गरेको हुँदा सो अतिक्रमणहरूलाई गृह मन्त्रालय र  वन तथा भू-संरक्षण मन्त्रालय, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले रोक्ने । खेती योग्य जग्गाहरूमा दीर्घकालिन खेतीका लागि दिगो उपयोग भू-नीति निर्माण गरी बहुवर्षिय कृषि खेती लगाउन सरकारद्वारा व्यवस्थापन गर्ने गरी कृषिमा आधारित उद्योग व्यवसाय संचालन गर्न कृषि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, उद्योग, उर्जा र गृह मन्त्रालयलाई सार्वजनिक जग्गाहरू उपभोग गर्दा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ बमोजिम कार्यान्वयन गर्न/गराउन निर्देशन दिन उपयुक्त हुने ।

**विविध**

- मुस्ताङ कोरला नाकाको उत्तरी सीमालाई व्यवस्थापन गर्न सुरक्षा पोष्ट साथै तारबार, सि.सी. क्यामेरा जडान गरी नेपालको पहिचान झल्कने खालको पोष्टर निर्माण गरी सीमा सुरक्षा गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई सुझाव दिने ।
- मुस्ताङ जिल्लाको विभिन्न स्थानमा वायु उर्जा उत्पादनको प्रवल सम्भावना भएकोले नेपाल सरकार मन्त्रिपरिषद्, जनसंख्या तथा वातावरण मन्त्रालयले वायु उर्जाको लागि सम्भाव्यता अध्ययन एवं आगामी कार्यक्रममा वायु उर्जा उत्पादनको व्यवस्था समावेश गर्ने ।

- अन्तमा, संसदीय समितिले सो क्षेत्रमा अनुगमन गर्दा प्राप्त भएको सुझाव र सहयोगको लागि वन तथा भू-संरक्षण मन्त्रालय, राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना र सम्वद्ध सबै सरोकारवालाहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छ ।

मा. जनकराज चौधरी
समिति सभापति

# भाग-५

# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

व्यवस्थापिका-संसद अन्तर्गत रहेको यस समितिले गत आर्थिक वर्षभित्र कार्यक्षेत्रभित्र रहेका मन्त्रालयहरू र वातावरणसँग संम्वद्ध विषयक्षेत्रहरूका सम्वन्धमा विभिन्न मितिहरूमा गरी सम्पन्न बैठकहरू मार्फत गरिएका निर्णय तथा दिएका निर्देशन एवं वर्षभरीमा वातावरण संरक्षणका क्षेत्रमा विभिन्न क्षेत्रहरूको स्थलगत अवलोकन भ्रमण गरी वातावरणीय विनासबाट उत्पन्न सिर्जित समस्याहरूलाई औंल्याइ सुधारका लागि समय-समयमा सम्बद्ध सरोकारवाला पक्षहरू एवं समितिको कार्यक्षेत्र भित्रका मन्त्रालयहरूलाई निर्देशन गरे वमोजिमका विषयवस्तुहरू यस प्रतिवेदनमा समेटिएका छन् ।

समितिले यी सबै प्रयत्नहरूबाट वातावरण संरक्षणलाई पहिलो प्राथमिकतामा राखी कार्य अगाडि बढाउने, आफ्ना कार्यक्षेत्रभित्रका मन्त्रालयहरूका कार्यहरूको सम्वन्धमा जानकारी लिने, कार्य सम्पादनको अवस्थाको सम्वन्धमा अनुगमन गरी आवश्यक सहयोग पुर्‍याउने, विधेयकहरूका सम्वन्धमा छलफल गरी पारित गर्ने लगायतका कार्यहरू सम्पादन गरेको छ । समिति तथा उपसमितिका विभिन्न बैठकहरूबाट सम्वन्धित मन्त्रालयहरूलाई विभिन्न निर्देशनहरू दिइएको छ । यसका बाबजुद पनि समितिले अपेक्षाकृत रूपमा कार्यहरू सम्पादन गर्न सकेको छैन । समितिले सम्पादन गर्न नसकेका केही कार्यहरू निम्नानुसार रहेका छन्:

- अनेक प्रयासका बाबजुद पनि वातावरण संरक्षणको क्षेत्रमा प्रभावकारी रूपमा भूमिका खेल्न सकिएको छैन ।
- समितिले दिएका निर्देशनहरूको पनि कार्यान्वयन पक्ष फितलो रहेको र समितिले मन्त्रालयको कार्य सम्पादन तथा समितिले दिएका निर्देशनको कार्यान्वयनको अवस्थाका बारेमा प्रभावकारी रूपमा अनुगमन गर्न सकेको छैन ।
- विधेयक लगायत समितिका कार्यक्षेत्रभित्रका विषयहरूमा अध्ययन, अनुसन्धानका कार्यहरू अत्यन्तै कमजोर रहेका छन् । मन्त्रालयहरूबाट पेश गरिएका विवरणहरूमा मात्र आधारित भै समितिका काम कारवाहीहरू हुने गरेका छन् । अझ वातावरणका सम्वन्धमा व्यापक रूपमा गरिनु पर्ने अध्ययन, अनुसन्धानको पाटो कमजोर रहेको छ ।
- तिव्र रूपमा भैरहेको जनसंख्या वृद्धिका कारण वातावरणमा परेको चाप, स्रोत साधनमाथिको अत्यधिक दोहन, अव्यवस्थित शहरीकरण र अस्तव्यस्त वसोवासलाई दिगो सोचमा आधारित भै जनसंख्या र वातावरण बीचको सम्वन्धमा खलल नपुग्ने गरी सन्तुलित रूपमा व्यवस्थापन गर्ने गरी क्षेत्रगत रूपमा नीतिहरू तर्जुमा गरी लागू गर्ने, गराउने कार्य हुन सकेको छैन ।
- अव्यवस्थित बसोबास प्रणालीलाई व्यवस्थित गराउने सम्वन्धमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकिएको अवस्था छ ।

- सामाजिक उत्तरदायित्वलाई विर्सेर गरिएको वन अतिक्रमण, खेतीमा रसायनिक मलको अधिक प्रयोग लगायतका कारण वातावरण, जैविक विविधतामा पुगेको नकरात्मक असरलाई न्यूनीकरण गर्ने विषयमा ठोस भूमिका खेल्न सकिएको छैन ।
- जीवनशैलीलाई आमूल परिवर्तन गराउने सूचना तथा संचार प्रविधि (Information Communication Technology–ICT) लाई जीवनपयोगी बनाउने विषयलाई प्राथमिकता राख्न सकिएको छैन ।
- भू-उपयोग र जनजीवनको बीचमा उचित सन्तुलन र संयोजन गर्ने खालको देशगत एकीकृत नीति तर्जुमा गर्ने गराउने कार्य पछाडि परेको छ ।
- जोखिमयुक्त वन्यजन्तु एवं वनस्पति जगेर्नाका लागि संरक्षित क्षेत्रको अवधारणा लागू गर्नु अत्यावश्यक भए तापनि यसतर्फ प्रभावकारी भूमिका खेल्न सकिएको छैन ।
- बढ्दो वनस्पति र जीवजन्तुको विनाशलाई रोक्नका लागि एकीकृत योजना सम्वन्धी अवधारणालाई लागू गर्न सकिएको छैन ।
- समितिको कार्य सम्वन्धी वार्षिक कार्यतालिका (Annual Calender) तयार गरी सो अनुरूप कार्य गर्ने परम्परा बसाल्न सकिएको छैन ।

## ५.२ समितिका आगामी दिनका कार्यहरु

- समितिको रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्ने कार्य ।
- नेपाल पक्ष भएका वातावरण सम्वन्धी अन्तर्राष्ट्रिय सन्धि सम्फौता अनुरूप नेपालले वहन गर्नुपर्ने दायित्व र प्राप्त हुने अधिकारहरूको बारेमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने कार्य ।
- नेपालका लागि आवश्यक राष्ट्रिय वातावरण नीति तयार गरी, गराई कार्यान्वयन गर्ने, गराउने कार्य ।
- दिगो विकासका लक्ष्य अनुसार कार्य गरे, नगरेको विषयमा विस्तृत रूपमा अध्ययन गरी दिगो विकासका लक्ष्यहरूलाई प्राप्तिका लागि सरकारलाई निर्देशन दिने सम्वन्धी कार्य ।
- वन, जैविक विविधता तथा जलवायु परिवर्तनबाट प्रत्यक्ष रूपमा मारमा परेका स्थानीय समुदाय, आदिवासी, जनजातिहरूको सम्वन्धमा अन्तर्राष्ट्रिय सन्धि, संफौताहरूले प्रदान गरेका सुहलियत, सुविधा तथा अधिकारहरू स्थापित गर्ने, गराउने सम्वन्धी कार्य ।
- समितिका काम कारवाहीहरूलाई प्रभावकारी बनाउन साविकमा क्रियाशील नभएका उपसमितिहरूलाई क्रियाशील बनाउने तथा कतिपय क्रियाशील भैरहेका उपसमितिहरूलाई पनि अफ प्रभावकारी बनाउन उपसमितिहरूको पुनर्गगठन गर्ने कार्य ।
- समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय र अन्तर्गतका निकायहरूले अपनाएको नीति तथा कार्यान्वयनमा रहेका कार्यक्रम, परिचालन र व्यवस्थापन गरेको स्रोत लगायतका विषयमा व्यापक रूपमा अध्ययन गरी आवश्यक निर्देशन दिने कार्य ।

- समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय र अन्तर्गतका निकायहरूले गर्दै आएको खर्चमा के-कसरी किफायती गर्न सकिन्छ तथा कार्यलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा अध्ययन गरी सम्वन्धित निकायलाई निर्देशन दिन आवश्यक छ ।
- समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी निर्देशन दिने कार्य ।
- मन्त्रालय, विभाग र अन्य निकायहरूको कार्यक्षेत्रभित्र पर्ने कार्यहरूको प्रभावकारी रूपमा कार्य सम्पादन भए, नभएको विषयमा अनुगमन तथा मूल्याङ्कन गरी सो सम्वन्धमा आवश्यक निर्देशन दिने कार्य ।
- समितिको वार्षिक कार्यतालिका (Annual Calender) तयार गरी समितिको कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउने कार्य ।
- कार्यक्षेत्रभित्र पर्ने मन्त्रालयहरूका नीति तथा योजनाहरूलाई जनस्तरले बुझ्ने र जनता समक्ष प्रत्यक्ष लाभ उपलब्ध हुने गरी त्यस्ता नीति तथा योजनाहरूलाई कार्यान्वयनमा ल्याउने सम्वन्धी कार्य ।
- स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने मानिसको नैसर्गिक अधिकार स्थापनाका लागि अभियानका रूपमा सबै सार्वजनिक निकायहरूले कम्तीमा पनि आफ्नो परिसरभित्र अनिवार्य रूपमा वृक्षारोपण गरी हरियालीलाई प्रवर्द्धन गर्ने, गराउने कार्य ।
- भू-उपयोग र जनजीवनको बीचमा उचित सन्तुलन र संयोजन गर्ने खालको देशगत एकीकृत नीति तर्जुमा गर्ने गराउने कार्य पछाडि परेको छ ।
- जनसंख्या, वातावरण, वसोवासको व्यवस्थापन लगायतका विभिन्न क्षेत्रगत नीतिहरूको तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने कार्य ।
- विधेयक लगायत समितिका कार्यक्षेत्रभित्रका विषयहरूमा अध्ययन, अनुसन्धानका कार्यहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउने कार्य ।
- पर्वतारोहरण लगायत वातावरणमा प्रत्यक्ष रूपमा असर पर्ने क्रिकलापहरूबाट प्राप्त हुने रोयल्टीको निश्चित प्रतिशत स्थानिय स्तरमै वातावरण संरक्षणका लागि उपयोग गर्ने नीतिलाई प्रभावकारी बनाउन पहल गर्नु पर्ने विषय ।

अन्तमा, संसदीय समितिहरूको क्रियाशीलता र सक्रियताले नै समग्र सार्वजनिक प्रशासनमा सुशासन स्थापना गर्न, गराउन सकिन्छ । जनताका आशा र अपेक्षालाई जनताको निगरानीमा जनताकै प्रतिनिधिहरू मार्फत कार्यान्वयन गर्ने, गराउने निकाय भनेकै संसद र संसदीय समितिहरू हुन् । व्यवस्थापिका-संसदको सफलता र प्रभावकारिता संसदीय समितिहरूकै सफलता र प्रभावकारितामा भर पर्ने हुनाले संसदीय व्यवस्थामा संसदीय समितिहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । वातावरण संरक्षण समिति यस विषयमा सचेत पनि छ ।

यसकारण सम्वन्धित निकायहरूले पनि आ-आफ्ना कार्यहरूलाई तदारूकताका साथ आम नागरिकले अनुभूति गर्ने गरी सम्पादन गर्ने र यस सम्वन्धमा समितिले दिएका निर्देशनहरू निर्देशित समय सीमाभित्र नै सम्पादन गर्ने परम्पराको थालनी गर्नु पर्ने आवश्यकता छ । समिति आगामी दिनमा अध्ययन, अनुसन्धान र अनुगमन तथा मूल्याङ्कन जस्ता उपकरणहरूका साथ कार्य गर्ने विषयमा दृढ छ ।

# अनुसूची -१

## वातावरण संरक्षण समितिका माननीय सदस्यहरु

१. मा. जनकराज चौधरी - सभापति
२. मा. अग्निप्रसाद सापकोटा
३. मा. अमियकुमार यादव
४. मा. कमला विश्वकर्मा
५. मा. कविताकुमारी सरदार
६. मा. गणेशप्रसाद विमली
७. मा. चित्रलेखा यादव
८. मा. छमबहादुर गुरूङ
९. मा. जीवनकुमारी घिमिरे
१०. मा. जुनैद अंसारी
११. मा. टुकराज सिग्देल
१२. मा. दिलमाया धामी
१३. डा. दुमन सिंह थापा क्षेत्री
१४. मा. नेजमा आलम
१५. मा. पर्तमान धिमाल
१६. मा. परशुराम तामाङ
१७. मा. पार्वत गुरूङ
१८. मा. पुरूषोत्तम पौडेल
१९. मा. प्रकाशमान सिंह
२०. मा. भिमसेनदास प्रधान
२१. मा. मदनबहादुर अमात्य
२२. मा. मधु शाही ठकुरी
२३. मा. मानपुर चौधरी
२४. मा. मानबहादुर विश्वकर्मा
२५. मा. मुक्तिप्रसाद पाठक
२६. मा. रबनी चौधरी
२७. मा. राजकुमारी गडेरिया
२८. मा. राजाराम स्याङतान
२९. मा. रेशमबहादुर लामा
३०. मा. रंजित कर्ण
३१. मा. लिला कोइराला
३२. मा. लिला मगर
३३. मा. विर बहादुर वलायर
३४. मा. शान्ती देवी चौधरी
३५. मा. शुशिला चौधरी
३६. मा. सकलदेव सुतिहार
३७. मा. सत्यनारायण मण्डल
३८. मा. सरिता प्रसाई
३९. मा. सीता लुइटेल (ज्ञवाली)
४०. मा. सुर्य प्रकाश वाला राई
४१. मा. सोनिया यादव
४२. मा. हरिप्रसाद उप्रेती
४३. मा. हरिबहादुर राजवंशी

**पदेन सदस्यहरु**

सम्माननीय प्रधानमन्त्री
खानेपानी तथा सरसफाई मन्त्री
जनसंख्या तथा वातावरण मन्त्री
वन तथा भू-संरक्षण मन्त्री
विज्ञान तथा प्रविधि मन्त्री
सहरी विकास मन्त्री

# अनुसूची -२

## वातावरण संरक्षण समिति अन्तर्गत गठिन उपसमितिका माननीय सदस्यहरु

१. वन तथा भू-संरक्षण सम्बन्धी उपसमिति

| क्र. सं. | सदस्यहरू | कैफियत |
|---|---|---|
| १. | मा. राजाराम स्याङतान - संयोजक | साविकमा रहनु भएका मा. सत्यनारायण मण्डल मन्त्री पदमा चयन भएपछि हाल १० जना मात्र सदस्य रहनु भएको । |
| २. | मा. कविता कुमारी सरदार | |
| ३. | मा. छम बहादुर गुरूङ | |
| ४. | मा. दिलिप खवास गच्छदार | |
| ५. | मा. दिलमाया धामी | |
| ६. | मा. पार्वत गुरूङ | |
| ७. | मा. मिठु मल्ल | |
| ८. | मा. लिला मगर | |
| ९. | मा. पुरूषोत्तम पौडेल | |
| १०. | मा. सुर्य प्रकाश वाला राई | |

२. जनसंख्या तथा वातावरण सम्बन्धी उपसमिति

| क्र.सं. | सदस्यहरू | कैफियत |
|---|---|---|
| १. | मा. चित्रलेखा यादव | साविकको संयोजक मा. गणेशमान पुन मन्त्री पदमा नियुक्त भएपछि हालसम्म संयोजकको चयन हुन नसकेको । |
| २. | मा. मानवहादुर विश्वकर्मा | |
| ३. | मा. लिला कोइराला | |
| ४. | मा. विरवहादुर बलायर | |

| | | |
|---|---|---|
| ५. | मा. भिमसेन दास प्रधान | साथै समितिका सदस्य मा. विष्णुप्रसाद पौडेल मन्त्री पदमा नियुक्त भए पश्चात् सदस्य थप नभएको । |
| ६. | मा. टुकराज सिग्देल | |
| ७. | मा. हरिप्रसाद उप्रेती | |
| ८. | मा. जीवनकुमारी घिमिरे | |
| ९. | मा. सीता लुइटेल (ज्ञवाली) | |
| १०. | मा. कमला विश्वकर्मा | |
| ११. | मा. प्रकासमान सिंह | |
| १२. | मा. सरिता प्रसाई | |
| १३. | मा. डा. दुमन सिंह थापा क्षेत्री | |

**३. सहरी विकास सम्बन्धी उपसमिति**

| क्र.सं. | सदस्यहरू | कैफियत |
|---|---|---|
| १. | मा. सुशीला चौधरी - संयोजक | मा. राधिका तामाङ कृषि राज्य मन्त्री पदमा नियुक्त भए पश्चात उपसमितिमा १० जना मात्र सदस्यहरू रहनु भएको । |
| २. | मा. मधु शाही ठकुरी | |
| ३. | मा. जुनैद अंसारी | |
| ४. | मा. मुक्तिप्रसाद पाठक | |
| ५. | मा. मानपुर चौधरी | |
| ६. | मा. राजकुमारी गडेरिया | |
| ७. | मा मदनबहादुर अमात्य | |
| ८. | मा. शान्ति देवी चौधरी | |
| ९. | मा. रंजित कर्ण | |
| १०. | मा. सकलदेव सुतिहार | |

**४. चुरे संरक्षण सम्बन्धी उपसमिति**

| **क्र. सं.** | **सदस्यहरू** | **कैफियत** |
|---|---|---|
| १. | मा. पर्तमान धिमाल | साविकमा रहनु भएको संयोजक मा. रेशम बहादुर लामा मन्त्रीमा चयन भएपछि हालसम्म संयोजक चयन हुन नसकेको । |
| २. | मा. रबनी चौधरी | |
| ३. | मा. हरिबहादुर राजवंशी | |
| ४. | मा. नेजमा आलम | |
| ५. | मा. दिर्घराज भाट | |
| ६. | मा. गणेशप्रसाद विमली | |
| ७. | मा. सुरेन्द्रराज आचार्य | |
| ८. | मा. परशुराम तामाङ | |
| ९. | मा. सोनिया यादव | |

**५. मेलम्ची खानेपानी आयोजना सम्वन्धी उपसमिति**

| **क्र.सं.** | **सदस्यहरू** | **कैफियत** |
|---|---|---|
| १. | मा. डा. दुमन सिंह थापा क्षेत्री (संयोजक) | मा. राधिका तामाङ कृषि राज्य मन्त्री पदमा नियुक्त भए पश्चात उपसमितिमा ४ जना मात्र सदस्यहरू रहनु भएको । |
| २. | मा. सकलदेव सुतिहार | |
| ३. | मा. परशुराम तामाङ | |
| ४. | मा. कमला विश्वकर्मा | |

६. विवाद समाधान उपसमिति

| क्र.सं. | सदस्यहरू | कैफियत |
|---|---|---|
| १. | मा. राजाराम स्याङतान (संयोजक) | |
| २. | मा. गणेशप्रसाद विमली | |
| ३. | मा. छमवहादुर गुरूङ | |
| ४. | मा. परशुराम तामाङ | |
| ५. | मा. कमला विश्वकर्मा | |
| ६. | मा. राजकुमारी गडेरिया | |

७. रणनीति तयारी सम्वन्धी उपसमिति

| क्र.सं. | सदस्यहरू | कैफियत |
|---|---|---|
| १. | मा. पार्वत गुरूङ्ग (संयोजक) | |
| २. | मा. परशुराम तामाङ | |
| ३. | मा. गणेशप्रसाद विमली | |
| ४. | मा. छमवहादुर गुरूङ्ग | |
| ५. | मा. कमला विश्वकर्मा | |
| ६. | मा. सीता लुइटेल (झवाली) | |

## अनसुची -३

## व्यवस्थापिका-संसद सचिवालयका महासचिव र सचिव

| | |
|---|---|
| श्री मनोहरप्रसाद भट्टराई | - महासचिव |
| श्री हिमलाल सुवेदी | - सचिवालय सचिव |
| श्री बीरेन्द्रबहादुर कार्की | - सचिवालय सचिव |

### समिति सचिवालयका कर्मचारीहरु

| | |
|---|---|
| श्री सुरजकुमार दुरा | - सहसचिव (समिति सचिव) |
| श्री सहजित राई | - उपसचिव |
| श्री वंशीराज पौडेल | - उपसचिव (२०७३ माघ १० सम्म कार्यरत) |
| श्री दशरथ धमला | - उपसचिव (२०७३ माघ १० सम्म कार्यरत) |
| श्री रविन अधिकारी | - खरिदार |
| श्री विष्णु पौडेल | - कार्यालय सहयोगी |

### मुद्रणतर्फ

| | |
|---|---|
| श्री जगदिश्वरलाल श्रेष्ठ | - मुद्रण अधिकृत |
| श्री बाबुराजा महर्जन | - मुद्रण अधिकृत |
| श्री सागरकुमार तुलाधर | - मुद्रण अधिकृत |
| श्री हरिश्चन्द्र भण्डारी | - सि. प्रे. टे. |
| श्री गम्भीरमान सिंह | - सि. प्रे. टे. |
| श्री राजेन्द्रप्रसाद लामिछाने | - सि. प्रे. टे. |
| श्री प्रेमबहादुर चन्द | - सि. प्रे. टे |
| श्री रोबन प्रजापति | - सि. प्रे. टे. |
| श्री कृष्णकला पौडेल | - प्रे. टे. |
| श्री माधव पौडेल | - प्रे. टे. |
| श्री मदन गिरी | - का. स. |

# अनुसूची -४

## वातावरणसँग सम्बन्धित केही राष्ट्रिय ऐन, कानून, नीति, रणनीति तथा मापदण्डहरु

१. वातावरणसँग सम्वन्धित केही ऐन तथा नियमहरु

| | |
|---|---|
| १. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ |
| २. | वन ऐन, २०४९ |
| ३. | वातावरण संरक्षण ऐन, २०५३ |
| ४. | चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० |
| ५. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० |
| ६. | वन्यजन्तु आरक्ष नियमावली, २०३४ |
| ७. | हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ |
| ८. | खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४ |
| ९. | वन नियमावली, २०५१ |
| १०. | मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०४४ |
| ११. | वर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३ |
| १२. | संरक्षण क्षेत्र व्यवस्थापन निमायवली, २०५३ |
| १३. | वातावरण संरक्षण नियमावली, २०५४ |
| १४. | संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ |
| १५. | ओजोन तहलाई नष्ट गर्ने पदार्थको उपभोग -नियन्त्रण) नियमावली, २०५७ |
| १६. | कञ्चनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन निमायवली, २०६४ |

## २. वातावरणसँग सम्वन्धित केही मापदण्डहरु

| | |
|---|---|
| १. | काठमाडौं उपत्यकामा चल्ने सवारी साधनहरूको प्रदुषण मापदण्ड, २०५४ |
| २. | वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६० (National Ambient Air Quality Standards) |
| ३. | ईंटा भट्टा उद्योगबाट निस्कने धुँवा तथा चिम्नीको उचाई सम्बन्धी मापदण्ड, २०६४ |
| ४. | घरभित्रको वायुको गुणस्तर राष्ट्रिय मापदण्ड, २०६६ (National Indoor Air Quality Standards) |
| ५. | सर्फेस फिनिसिङ्ग उद्योगहरू (Galvanizing Industries) र पेन्ट उद्योगहरू (Electroplating Industries) को सतही पानीमा विकारका पदार्थहरू निष्काशन सम्बन्धी Effluent Standards, २०६७ |
| ६. | नेपाल सवारी प्रदुषण मापदण्ड, २०६९ (Nepal Vehicle Mass Emission Standards) |
| ७. | गैरअल्कोहलजन्य पेय पदार्थ र औषधी उत्पादन गर्ने उद्योगहरूबाट सतही पानीमा पठाईने Effluent को घटि-बढि सिमा सम्बन्धी मापदण्ड, २०६९ |
| ८. | ध्वनीको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ |
| ९. | सिमेन्ट उद्योग तथा क्रसर उद्योगबाट निष्काशन भई हावामा जाने धूलो सम्बन्धी मापदण्ड, २०६९ |